# त्रिवर्षीय क्षमता विकास योजना

(२०८०/८१-२०८२/८३)

अन्तिम प्रतिवेदन

वैशाख, २०८०

## सिस्ने गाउँपालिका

लुम्बिनी प्रदेश, रुकुम पूर्व

प्राविधिक तथा आर्थिक सहयोग : प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज, बाँके

# त्रिवर्षीय क्षमता विकास योजना

## (२०८०/८१-२०८२/२०८३)

### स्थानीय सरकारको क्षमता विकासका मूल क्षेत्रहरु




# सिस्ने गाउँपालिका

## लुम्बिनी प्रदेश, रुकुम पूर्व

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
Google Plus Code :-JJ8C+ cR6, Rukumkot 22000

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०७९।८०



## मन्तव्य

स्थानीय सरकार जनताको घरदैलोमा हुने भएको हुनाले नागरिकको सम्मानयुक्त जीवनको लागि द्रुत, काम झन्झटिलो र पारदर्शि ढंगबाट एकीकृत सेवा प्रवाह गर्नुपर्ने जिम्मेवारी सिस्ने गा.पा.को रहेको छ । नेपालको संविधानले प्रदत्त गरेको एकल र साझा अधिकार जिम्मेवारीपूर्वक कुशल रुपमा सम्पादन गरि नागरिकको सहज, सरल, पारदर्शी र गुणात्मक सेवा दिन पदीय जिम्मेवारीमा रहेका प्रतिनिधि र कर्मचारीहरुको क्षमतामा भर पर्दछ । यस गाउपालिकाको संस्थागत संरचनाको भौतिक विकास, मानव संशाधन व्यवस्थापन एवमं विकास र गाउपालिकाको सेवामा सहयोग गर्ने बजार सेवाको विकास र परिचालन गर्ने लगायतका मानव संसाधनको कार्य क्षमता विकास गरि दक्षतापूर्वक सेवा प्रवाह तथा कार्य सम्पादन गर्न सीप, दक्षता र क्षमता विकासको मूल क्षेत्र समेटी तीन वर्षिय (आ.व. २०८०/८१-२०८२/०८३) क्षमता विकास गर्ने योजना निर्माण गरिएको छ ।

यस योजनामा समाविष्ट योजना अनुसार वार्षिक रुपमा योजनामा समेटिनेछ । साथै कार्यान्वयनको लागि अन्य निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ । गाउपालिकाको समग्र संस्थागत तथा मानव संसाधनको क्षमता विकास गरी पालिकावासीलाई गुणस्तरीय र प्रभावकारी सेवा दिई सुशासन कायम गराउन यो योजनाले हामीलाई मार्ग प्रशस्त गर्न सक्छ, भन्ने विश्वास लिएको छु । योजनाको कार्यान्वयन हुँदै जाँदा मध्यमकालिन समिक्षा, प्रभाव मूल्याङ्कन गरिनेछ र समसामयिक रुपमा संशोधन समेत गरिनेछ ।

क्षमता विकास योजना निर्माणका लागि आर्थिक सहयोग र योजना उपर राय, सुझाव उपलब्ध गराउने प्रदेश सुशासन केन्द्र, लुम्बिनी प्रदेश प्रति आभार व्यक्त गर्दछु । योजना निर्माणको क्रम देखि स्वीकृति सम्मका विभिन्न चरणहरुमा महत्वपूर्ण सहभागी, विज्ञ टोलिलाई आवश्यक सूचना, जानकारी, राय सुझाव प्रदान गर्नुहुने कार्यपालिका सदस्य ज्यूहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । योजना निर्माणको लागि प्रशासकीय प्रबन्ध सहितको महत्वपूर्ण योगदानको लागि प्रमुख प्रशासकीय अधिकृत **विकास विक्रम शाह ज्यू** धन्यवादको पात्र हुनुहुन्छ । साथै, आ-आफ्ना शाखाहरुको जिम्मेवारीमा रहि सहभागिता, सूचना, तथ्याङ्क, विवरणहरु उपलब्ध गराउनु हुने शाखा प्रमुखहरु एवम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु ।

अन्तमा यस योजना निर्माणको लागि परामर्शदाताको रुपमा सहयोग गर्नुहुने **श्री मनकामना अध्ययन अनुसन्धान केन्द्र,** सानोठिमी, भक्तपुरलाई विशेष धन्यवाद दिन चाहन्छु । सिस्ने गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वयनमा सबैको साथ र सहयोग प्राप्त भई गाउँपालिकाको समुन्नति हुनेछ भन्ने अपेक्षा गरेको छु ।

२०८०,२४ जेष्ठ

...............................
कृष्ण रेग्मी
अध्यक्ष

सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

Google Plus Code :-JJ8C+ cR6, Rukumkot 22000

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः २०७९।८०



## मन्तव्य

सिस्ने गाउँपालिकावासीलाई सहज, सरल र गुणात्मक सेवा दिई सबै क्षेत्रको विकास गर्दै पालिकावासीमा खुसी र समृद्ध हासिल गर्ने हाम्रो ध्यय रहेको छ । यो ध्येयलाई पुरा गर्नको लागि गाउँपालिकाको संस्थागत क्षमता, पदीय जिम्मेवारीमा रहेका जनप्रतिधि र कर्मचारीहरुको क्षमतामा भर पर्दछ। पालिकावासीको विश्वार र भरोसालाई अक्षुण्ण कायम राख्नु आम्रो दायित्व र जिम्मेवारीमा आएको छ । यसको लागि योजनाबद्ध विकासको खाका तयार गरी सो अनुसार वार्षिक कार्यक्रमहरु बनाई काम गर्दै जानुपरेको छ । यसै सन्दर्भमा गाउँपालिकाको समग्र संस्थागत क्षमता विकास गरी गा.पा.वासीलाई गुणस्तरीय र प्रभावकारी सेवा दिई सुशासन कायम गराउन श्री-वर्षीय (आ.व. २०८०/८१-२०८२/८३) क्षमता विकास योजना निर्माण भएको छ । यो योजनाको कार्यान्वयनले जनप्रतिनिधि, कर्मचारी र गाउँपालिकाको विकास र सेवासँग सरोकार राख्ने स्थानीय समूह, संघसंस्थाहरुको सीप र क्षमता बढाई नागरिकप्रति पूर्ण जिम्मेवार बनाई जनउत्तरदायी स्थानीय सरकारको अनुभूति हुन सक्छ भन्ने विश्वास लिएको छु ।

योजना निर्माणको क्रममा र स्वीकृतिसम्मका विभिन्न चरणहरुमा सहयोग र योगदान प्रदान गर्नुहुने सबै संघसंस्था र व्यक्तित्वहरुमा अभार प्रकट गर्दछु ।

अन्त्यमा सिस्ने गाउँपालिकाको क्षमता किवास योजना कार्यान्वयनमा सबैको साथ सहयोग प्राप्त भई पालिकाको समुन्नति हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**२०८०, जेष्ठ**

गोपाल रेउले
उपाध्यक्ष

सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
Google Plus Code :-JJ8C+ cR6, Rukumkot 22000

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०७९।८०



## मन्तव्य

नेपालको संविधान जारी भए पश्चात संविधानमा नै स्थानीय तहको प्रत्याभूत गरी संघीय शासन प्रणाली बमोजिम स्थानीय सरकारको उपस्थिती ७५३ स्थानीय तहमा रहेका छन् । यस सन्दर्भमा स्थानीय सरकारलाई मूलभूत रुपमा संविधानद्वारा स्थानीय तहको अधिकार र जिम्मेवारी प्रत्याभूत गरेको छ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले थप जिम्मेवारी र अधिकार सहित स्थानीय सरकार सञ्चालनको मार्गदर्शन गरेको छ । संविधान र ऐनले प्रत्याभूत गरेको अधिकार र जिम्मेवारी पुरा गर्न स्थानीय तहले सेवा प्रवाह र विकास व्यवस्थापनको कार्य गर्न आवश्यक छ । सेवा प्रवाह र विकास व्यवस्थापनको कार्य गर्न संवैधानिक, कानूनी आधार सँगै स्रोत साधन र यसको उचीत व्यवस्थापनको गर्न जनशक्तिको आवश्यकता पर्दछ । संविधान र कानूनबाट प्राप्त हकअधिकार, उपलब्ध स्रोत साधन, जनशक्ति बीच तादम्यता ल्याउदै यी सबै पक्षको संयोजन गरी पद्दति निर्माण गरी सुशासन प्रवर्द्धन गर्न हरेक अवयवको क्षमता विकास गर्ने कार्य अनिवार्य आवश्यकताको रुपमा रहेको छ । यसै सन्दर्भमा, स्थानीय तहको क्षमता विकास गरी स्थानीय तहको सेवा प्रवाह, विकास व्यवस्थापन गरी जनतामाझ सवैभन्दा नजिकैको सरकार स्थानीय सरकारले आफ्नो उपस्थिति प्रभावशाली पारि सरकारको औचित्य जनतामा पुष्टि गर्न क्षमता विकास योजना अत्यावश्यक छ ।

त्यसैले, सिस्ने गाउँपालिकाको त्रिवर्षीय क्षमता विकास योजना निर्माणमा सहयोग र योगदान प्रदान गर्नुहुने सम्पूर्ण संघसंस्था, व्यक्तित्व, कर्मचारीबन्धु र सेवाग्राहीप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा, सिस्ने गाउँपालिकाको त्रिवर्षीय क्षमता विकास योजना कार्यान्वयनमा सबैको साथ सहयोगको अपेक्षा सहित सेवा प्रवाह र विकास व्यवस्थापन मार्फत स्थानीय सरकारको औचित्यता जनतामाझ पुष्टि गर्ने कार्यमा सबै सरोकारवालाको सहयोगको अपेक्षा गरेको छु । धन्यावाद् !

**२०८० जेष्ठ १५**

........................
(विकास विक्रम शाह)
प्रमुख प्रशासकीय अधिकृत

# क्षमता विकास योजना तयारी प्रकृयाको झलक




**क्षमता विकास योजना तयारी मार्गचित्र**

# प्रतिवेदनको संरचना

क्षमता विकास योजना ६ परिच्छेदमा विभाजित छ । परिच्छेद एकमा परिचय अन्तर्गत पृष्ठभूमि, क्षमता विकास योजनाको औचित्य, उद्देश्य, क्षमता विकास योजना तयारीको नीतिगत तथा कानूनी आधारहरु, संघ, प्रदेश र गाउँपालिकाको क्षमता विकासको अन्तरसम्बन्ध, योजना तर्जुमाको विधि तथा प्रकृया र योजना तर्जुमाका सीमाहरु उल्लेख छ ।

परिच्छेद दुईमा गाउँपालिकाको संक्षिप्त परिचय र परिच्छेद ३ मा क्षमता विकासको समग्र लेखाजोखा गरिएको छ, जस अन्तर्गत संस्थागत क्षमता विकासका तीन आयाम, संस्थागत, मानव संसाधन, बजार सेवाहरुको क्षमता लेखाजोखा गरिएको छ ।

परिच्छेद चारमा समग्र योजना खाका उल्लेख छ । यस परिच्छेदमा संस्थागत क्षमता विकासको परिचय र स्थानीय सरकारको क्षमता विकास योजना उल्लेख छ । त्यसैगरी मानव संशाधन विकास एक परिचय र स्थानीय सरकारको मानव संशाधन विकास योजना र क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति सरोकारबालाहरुको पहिचान उल्लेख छ ।

परिच्छेद पाँच योजना कार्यान्वयनको रणनीति सँग सम्बन्धित छ भने परिच्छेद ६ मा योजनाको व्यवस्थापन, अनुगमन तथा मूल्यांकनको विधि र जिम्मेवारी उल्लेख छ ।

# क्षमता विकास प्रकृयागत संरचना



# क्षमता विकास योजना एक झलक

| | |
|---|---|
| **प्रदेश** | लुम्बिनी |
| **जिल्ला** | रुकुम पूर्व |
| **गाउँ/नगरपालिका** | गाउँपालिका |
| **योजना तयारीको नेतृत्व** | सिस्ने गाउँपालिका |
| **आर्थिक सहयोग** | प्रदेश सुशासन केन्द्र, लुम्बिनी प्रदेश |
| **सहजिकरण** | मनकामना अध्ययन अनुसन्धान केन्द्र, सानोठिमी, भक्तपुर |
| **कार्यक्रम अवधि** | ३ वर्ष (आ.व.२०८०/८१–२०८२/८३) |
| **कार्यान्वयन गर्ने मुख्य निकाय** | सिस्ने गाउँपालिका |
| **मुख्य सरोकारबालाहरु** | स्वयं सिस्ने गाउँपालिका लगायत संघीय सरकार, लुम्बिनी प्रदेश सरकार, प्रदेश सुशासन केन्द्र, लुम्बिनी प्रदेश र विकास साझेदार संस्थाहरु |

| सि.नं | क्षमता विकास क्षेत्र | जम्मा रकम रु. | आन्तरिक योगदान | बाह्य सहयोग |
|---|---|---|---|---|
| **१** | **संस्थागत क्षमता विकास तर्फ** | | | |
| १.१ | भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | ९१०००० | ९१०००० | ० |
| १.२ | नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | ८५०००० | ५००००० | ३५०००० |
| १.३ | मानव संशाधन प्राप्तिसँग सम्बन्धित | ७०५००० | ७०५००० | ० |
| | **जम्मा** | २४६५००० | २११५००० | ३५०००० |
| | **प्रतिशत** | **१००** | **९८.५८ प्रतिशत** | **१.४२ प्रतिशत** |
| **२** | **मानव संशाधन विकास तर्फ** | | | |
| २.१ | निर्वाचित पदाधिकारीहरूका लागि | ४६१५००० | ११५३७५० | ३४६१२५० |
| २.२ | समिति, उपसमितिहरूका लागि | ३७५००० | ९३७५० | २८१२५० |
| २.३ | कर्मचारीहरूका लागि | ४०३५००० | १००८७५० | ३०२६२५० |
| २.४ | सेवाग्राही लक्षित क्षमता विकास | ६५०००० | १६२५०० | ४८७५०० |
| २.५ | साझेदारहरुको क्षमता विकास | २११०००० | ५२७५०० | १५८२५०० |
| | **जम्मा** | ११७८५००० | २९४६२५० | ८८३८७५० |
| | **प्रतिशत** | **१०० प्रतिशत** | **२५ प्रतिशत** | **७५ प्रतिशत** |
| | **कूल जम्मा रु** | १४२५०००० | ५०६१२५० | ९१८८७५० |
| | **कूल प्रतिशत** | १००% | ३५.५२ % | ६४.४८% |

# विषय सूची

परिच्छेद १ः परिचय ....... ७
१.१ पृष्ठभूमी ....... ७
१.२ क्षमता विकास योजनाको औचित्य ....... ९
१.३ क्षमता विकास योजनाको उद्देश्य ....... १०
१.४ क्षमता विकास योजनाको तयारीका नीतिगत तथा कानुनि आधारहरु ....... १०
१.५ क्षमता विकास योजना तर्जुमा प्रकृया ....... ११
परिच्छेद २ः सिस्ने गाउँपालिकाको परिचय ....... १६
२.१ सिस्ने गाउँपालिकाको परिचय ....... १६
२.२ मानव संशाधनको अवस्था ....... २३
२.३ संस्थाको  चल अचल सम्पत्ति विवरणः ....... २३
परिच्छेद ३ः क्षमता विकासको समग्र लेखाजोखा ....... २४
३.१ संस्थागत क्षमता विकास तीन आयाम ....... २४
३.२ सिस्ने गाउँपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा ....... २४
३.३ मानव संशाधनको क्षमता विकास लेखाजोखा ....... २५
३.४ सेवा बजारहरुको क्षमता विकास लेखाजोखा ....... २६
परिच्छेद ४ः समग्र योजना खाका ....... २७
४.१ स्थानीय सरकारको क्षमता विकास एक परिचय ....... २७
४.१.२ संस्थागत क्षमता विकास एक परिचय ....... २७
४.१.२ मानव संशाधन विकास एक परिचय ....... २७
४.२ वर्तमान अवस्थाः ....... २८
४.४ समस्या तथा चुनौती ....... २८
४.५ सोचः ....... २८
४.६ क्षमता विकासको लक्ष्य ....... २८
४.७ क्षमता विकासको उद्देश्य ....... २८
४.८.संस्थागत क्षमता विकासको रणनीति तथा कार्यनीति ....... २९
४.९ संस्थागत क्षमता विकासका प्रमुख योजनाहरु ....... ३०
४.१० मानव संशाधन विकासका प्रमुख योजनाहरु ....... ३२
४.११ प्रमुख उपलब्धिहरु ....... ४०
४.४.बजेट बाँडफाँट ....... ४१
४.५.स्रोत व्यक्ति र सरोकारबाला पक्षहरू ....... ४२
परिच्छेद ५ क्षमता विकास योजना कार्यान्वयन रणनीति र कार्य योजना ....... ४३
५.१ पृष्ठभूमि ....... ४३
५.२ उद्देश्य ....... ४३
५.३ कार्य क्षेत्र ....... ४३
५.४ योजना कार्यान्वयनको रणनीतिः ....... ४४
५.५ कार्यान्वयनका मूल्य मान्यता तथा सिद्धान्तहरु ....... ४६
५.६ कार्यान्वयन तालीका प्रथम वर्ष ....... ४६
परिच्छेद ६ः कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याँकन ....... ४९
६.१ कार्यक्रम व्यवस्थापन ....... ४९
६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याँकन ....... ४९
सन्दर्भ सामाग्रीहरु ....... ५१
अनुसूचिहरु ....... ५२

# तालिकाहरुको सूची


तालिका १ वडागत जनसंख्या विवरण ........ १७
तालिका २ सेवा बजारको विवरण........ २६
तालिका ३ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा (अनुसूचि ७ मा आधारित)........ ३०
तालिका ४ स्थानीय सरकारको मानव संशाधन विकास योजनाको ढाँचा (अनुसूचि १० मा आधारित)........ ३२
तालिका ५ स्थानीय तहको क्षमता विकासको खर्च सारांस ........ ४१
तालिका ६ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारबाला पक्षहरू (अनुसूचि ६ सँग सम्बन्धित)........ ४२
तालिका ७ पहिलो वर्षको कार्य योजना ........ ४७


# अनुसूचीहरुको सूची


अनुसूची १ गाउँपालिकाको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा संक्षिप्त विवरण ........ ५२
अनुसूची २ गाउँ पालिकाको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा........ ५७
अनुसूची ३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका फारम........ ५९
अनुसूची ४ पालिकाको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम ........ ६७
अनुसूची ५ पालिकककको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम ........ ७०
अनुसूची ६ योजना प्रस्तुतिकरणमा सहभागिको विवरण ........ ७३
अनुसूची ७ क्षमता विकास योजना तयारीको क्रममा लिइएका प्रतिनिधिमूलक तस्वीरहरु ........ ७५

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमी

स्थानीय सरकारको संस्थागत क्षमता विकास एक प्रकृया हो जसका माध्यमबाट स्थानीय सरकारको संस्थागत विकास र कार्यरत कर्मचारी, प्रतिनिधि र साझेदार लगायत लक्षित समूह सम्मका सेबालाई प्रभावकारी बनाउँने उपायहरुको खोजि गरी योजना बनाएर सोको कार्यान्वयनका माध्यमबाट संस्थागत सेवा प्रवाहलार्यलाई चुस्त, छिटो, सरल, कम झण्झटिलो तथा पारदर्शी बनाउन सकिन्छ । सामान्यतयाः क्षमता विकास योजना बनाउँदा निम्न कार्यहरुलाई ध्यान दिईन्छ ।




नेपालको संविधान अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानविय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत

क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । तसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । संघीयताको सफल कार्यान्वयनमा स्थानीय तहको योजना तर्जुमाको महत्वपूर्ण भूमिका हुने भएकाले यो क्षमता विकास दिग्दर्शन तयार गरिएको छ । स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार भएको “क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६” अनुरुप सिस्ने गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना तयार गरिएको छ । किनभने, नेपालका स्थानीय तहहरु नगरिकका घरदैलोका सरकार हुन । नेपालको संविधानले स्थानीय तहलाई प्रशस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको हुँदा सबै स्थानीय तहहरु संस्थागत रुपमा सवल, पूर्ण प्रजातान्त्रिक, कुशल नेतृत्वका र पूर्ण जिम्मेवारीका साथ प्रभावकारी ढंगले सेवा प्रवाह गर्न सक्षम हुनु जरुरी छ ।

देशको भूगोल र जनता स्थानीय सरकार नजिक भएका हुँदा स्थानीय तहहरु नागरिकको जीवनस्तर सुधारका लागि एकिकृत कार्य गर्ने जिम्मेवार निकाय बनाईएका हुन् । संविधान प्रदत्त एकल र साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्नेकुरा विभिन्न पदीय जिम्मेवारीमा रहेका कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरूको क्षमतामा भर पर्दछ । तर अधिकांश स्थानीय सरकारहरु बहुआमिक चुनौतिको सामना गर्नुपर्ने अवस्थामा छन् । तीमध्ये, कर्मचारी तथा प्रतिनिधिमा क्षमताको कमी अधिक भएको पाईन्छ । यस्तो अवस्थामा स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानूनी र नैतिक दायित्व रहेको तर जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमि हुँदा सेवा प्रवाह चुस्त नहुन सक्छ । नागरिकका न्युनतम आवश्यकता पहिचान गर्न सकिदैन । विकासका कार्यहरुको प्राथमिकिकरणमा अलमल हुन्छ । समृद्धिको यात्रा काँहाबाट सुरु गर्ने भन्नेमा अलमल हुन्छ । विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न नसकेको हुन सक्छ ।

यसै परिप्रेक्षलाई ध्यानमा राखि स्थानीय तहका कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरुको क्षमता विकास र कार्य संम्पादनमा सुधार लगायतका प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्दै अन्य संस्थागत सुधार लगायतका कार्य गर्न प्रदेश सुशासन केन्द्र, लुम्बिनी  प्रदेश समेतको आर्थिक सहयोगमा रुकुम पूर्व जिल्लाको सिस्ने गाउँपालिकाको ३ वर्षे क्षमता विकास योजना तयार गर्न सिस्ने गाउँपालिका र मनकामना अध्ययन अनुसन्धान केन्द्र, सानोठिमी, भक्तपुर बिच मिति २०७९ फाल्गुन २२ मा सम्झौता भएको हो ।

## १.२ क्षमता विकास योजनाको औचित्य

नेपालको संविधान अनुसार स्थानीय सरकारहरु नागरिकाको धरदैलोका सरकारी निकाय हुन् जसलाई संविधानले विधायिकी, कार्यकारी र न्यायिक अधिकारहरु प्रदान गरेको छ । यिनिहरु संस्थागत रुपमा स्थापित सरकार भएर मात्र पुग्दैन । देशको संघियता बलियो र सुशासित बनाउँन यिनीहरुले प्रजातान्त्रिक मूल्य र मान्यता स्थापित गर्दै नागरिकको जीवनस्तर सुधारका लागि सुशासन सहित विकास र सेवा प्रवाहको वातावरण तयार गरि सबैले महशुस गर्ने गरी विकास सेवा प्रवाहको वातावरण तयार गरि सबैले महशुस गर्नेगरी विकास र समृद्धि अगाडी बढ्नुपर्ने हुन्छ । स्थानीय सरकारहरु संस्थागत रुपमा स्थापित त भए तर परिवर्तन पछिको बढ्दो जनअपेक्षा अनुसार कार्य गर्न संस्थागत क्षमता र मानव संशाधनको क्षमता बढि महत्वपूर्ण हुन्छ र यसको विकास गर्न धेरै बाँकी छ ।

तसर्थ, यस सिस्ने गाउँपालिकाको क्षमता विकास योजना तयार गर्नुको मूल कारण भनेको स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउन तथा संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न संस्थागत संरचनामा भएको कमी तथा विविध विषयको जिम्मेवारीमा बसेका कर्मचारी, निर्वाचित प्रतिनिधि तथा सरोकारबालाहरुको क्षमतामा रहेको कमीलाई पहिचान गरी सो कमी पुरा गर्न संस्थागत र मानव संशाधन विकासका लागि उपायहरुको खोजि र कार्यान्वयनको खाका तयार गर्नु अपरिहार्य भएको छ ।

त्यसैगरी, विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्नसक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकासका साथै आपूर्ति र माग दुवैमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको हुँदा पनि यो योजना बनाउँनु परेको हो । यसलाई निम्न अनुसार संक्षेपिकरण गरिएको छ ।

१ स्थानीय सरकारबाट सञ्चालन गरिने विकासका विविध आयामहरु दिगो र परिणाममुखी बनाउन ।

२ संस्थागत विकास, सेवा प्रवाह र सुशासनको सुनिश्चितता कायम गर्न ।

३ संस्थागत संरचनामा भएको कमी पहिचान गरी परिपूर्तिको उपाय पहिचान र कार्यान्वयन गर्न ।

४ जिम्मेवारीमा बसेका कर्मचारी, प्रतिनिधि तथा सरोकारवलाहरुमा रहेको कमी र सुधारका उपाय खोजी र कार्यान्वयन खाका तयार गर्न ।

५ विकास प्रशासनका नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै लैजान ।

६ नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी आपूर्ति र माग दुवैमा आधारित क्षमता विकास गर्न ।

## १.३ क्षमता विकास योजनाको उद्देश्य

सिस्ने गाउँपालिकको विभिन्न जिम्मेवारीका पदमा रहेका कर्मचारी तथा नेतृत्व तहको जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुँदा सेवा प्रवाह चुस्त नहुन सक्छ र नागरिकका न्युनतम आवश्यकता पहिचान गर्न नसकि विकासका कार्यहरुको प्राथमिकिकरणमा अलमल भै समृद्धिको यात्रानै अलमलमा पर्न गएको अवस्थालाई संबोधन गर्न जरुरी छ ।

तसर्थ, यो योजना तयार गर्नुको मूल उद्देश्य योजनाको कार्यान्वयनबाट सिस्ने गाउँपालिकाको कार्य सम्पादनमा सुधार ल्याउँने हो । साथै, यस क्षमता विकास योजना तर्जुमाको अर्को उद्देश्य भनेको विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाई संस्थागत विकास गरी नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने बनाउँन संस्थागत क्षमता र मानव संशाधनमा रहेको क्षमताको कमीलाई पहिचान गरी क्षमता विकासका उपायहरुको खोज तथा विश्लेषण गरी ३ वर्षे योजना खाका (२०८०/२०८१-२०८२/२०८३) तयार गर्नु हो । यसका निहित उद्देश्यहरु यस प्रकार छन,

- स्थानीय सरकारको सवल र कमजोर पक्षहरूको पहिचान लगायत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन, २०७६ को विधि र प्रकृया अपनाई संविधान तथा प्रचलित कानूनहरूबाट स्थानीय सरकारलाई प्राप्त अधिकार अनुरूप जनउत्तरदायीपूर्ण ढंगबाट कार्यसम्पादन गर्नका लागि संस्थागत र मानव संशाधनकको क्षेत्रमा रहेको अभाव पहिचना र सोको परिपूर्ति गर्न क्षमता विकासका आश्यक उपायहरुको सहभागितामूलक ढंगबाट पहिचन गरी विस्तृत योजना खाका तयारी गर्नु ।
- यो योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको आँकलन र परिपूर्तिका विभिन्न स्रोत र उपायहरुको खोजि गर्ने ।
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मार्गदर्शन गर्नु ।

## १.४ क्षमता विकास योजनाको तयारीका नीतिगत तथा कानुनि आधारहरु

यो क्षमता विकास योजना तयार गर्दा **नेपालको संविधानमा** उल्लेखित मौलिक हक र कर्तव्य, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय सरकारहरुका एकल र साझा अधिकारहरुको उपयोग गर्नुपर्ने कुराहरुलाई मध्यनजर गरिएको छ । स्थानीय सरकार संस्थागतरुपमा संवैधानिक अधिकार सहित अस्तित्वमा आए पनि उसलाई प्रभावकारी बनाउँन संस्थात रुपमा सवल र संस्थाको उद्देश्य अनुरुप कार्य जिम्मेवारी पुरा गर्न क्षमतायुक्त मानव शक्तिको आवश्यकता पर्नेहुँदा सोको व्यवस्था गर्नु सकरकारको कानुनि दायित्व हो ।

क्षमता विकास योजना तयारीका क्रममा नेपालको संविधानले अंगिकार गरेका धाराहरु भाग ३ मौलिक हक र कर्तव्य सम्बन्धि समानताको हक (धारा १८), सम्पत्तिको हक (धारा २५), सूचनाको हक (धारा २७), शिक्षा सम्बन्धी हक (धारा ३१), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४) स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्य सम्बन्धी हक (धारा ३६), आवासको हक (धारा ३७), महिलाको हक (धारा ३८), बालबालिकाको हक (धारा ३९), दलितको हक (धारा ४०) जेष्ठ नागरिकको हक (धारा ४१), सामाजिक न्यायको हक (धारा ४२), सामाजिक सुरक्षाको हक (धारा ४३) र उपभोक्ताको हक (धारा ४४) लाई यथेष्ट

ध्यान दिईएको छ । किनभने स्थानीय सरकारहरु प्रत्यक्ष वा परोक्ष रुपमा यी जनसरोकारका विषयहरु र यसका सेवा प्रवाहमा जोडिएका हुन्छन ।

त्यसैगरी, भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी धारा ५० अनुसारका सिद्धान्तहरु र धारा ५१ विकास सम्बन्धी नीति, प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति, श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति, न्याय र दण्ड सम्बन्धी नीति, पर्यटन सम्बन्धी नीति र अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिका समेतलाई ध्यानमा राखिएको छ ।

त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को २ मा उल्लेख भए बमोजिम स्थानीय सरकारले आफूलाई आवश्यक पर्ने ऐन तथा नीति नियम बनाउँनु पर्ने सन्दर्भलाई पनि ख्याल गरिएको छ ।

## १.५ क्षमता विकास योजना तर्जुमा प्रकृया

क्षमता विकास योजना तयारी एकै पटक र सामान्य ढंगले हुने कुरा होईन । यसको प्रयोजनका लागि निश्चित चार चरणका कार्यहरु गरी योजना तर्जुमा पुरा गरिएको छ । जो तल चित्रमा दिईएको छ ।



**चरण १: तयारी चरण:**

२०७९ फाल्गुन २२ गते सिस्ने गाउँपालिका र मनकामना अध्ययन अनुसन्धान केन्द्र, सानोठिमी, भक्तपुर बिच कार्य सम्झौता पश्चात तयारी चरणको सुरुवातमा दस्तावेज अध्ययन, र अन्य तयारीका साथ गाउँपालिकासँग भर्च्युअल माध्यमबाट छलफल गरी कार्यतालिकामा सहमती गरियो ।

**चरण २: प्राविधिक चरण**

क्षमता विकास योजना तयारीका लागि प्राविधिक चरणमा निम्न कार्यहरु सम्पादन गरिएको थियो ।

| | |
|---|---|
| **सह चरण १** | **क्षमता विकास समन्वय समिति गठन २०७९ चैत्र २१ गते** |
| **सह चरण २** | **क्षमता विकासको योजना तर्जुमा प्रक्रियाबारे एक दिने अभिमुखीकरण २०७९ चैत्र २१ गते** |
| **सह चरण ३** | **मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा २०७९ चैत्र २१ र २२ गते** |
| **सह चरण ४** | **नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा: २०७९ चैत्र २२ गते देखी २०८० वैशाखसम्म** |
| **सह चरण ५** | **आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा २०७९ चैत्र २२ गते देखी २०८० वैशाख सम्म** |
| **सह चरण ६** | **क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान २०७९ चैत्र २२ गते देखी २०८० को वैशाखसम्म** |
| **सह चरण ७** | **संस्थागत क्षमता विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान** |
| **सह चरण ८** | **शाखागत र विषयगत रुपमा मानव संशाधनको क्षमता लेखाजोखा २०७९ चैत्र २२ गते देखी २०८० को वैशाखसम्म** |
| **सह चरण ९** | **मानव संशाधन विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान: २०७९ चैत्र २२ गते देखी २०८० को वैशाखसम्म** |

क्षमता विकास योजना तयारीमा यो प्रमुख चरण हो । यो चरणमा स्थानीय सरकारका कर्मचारी, निर्वाचित प्रतिनिधीहरु र अन्य सरोकारबालाहरुसँग प्रत्यक्ष भेटघाट, छलफल, अनुशिक्षण लगायत संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयबाट तयार पारिएको क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन, २०७६ मा उल्लेखित फारमहरु प्रयोग गरी क्षमता लेखाजोखा तथा क्षमता विकासका आवश्यकता पहिचान गरिएको थियो । यो चरण पुरा गर्न विभिन्न सहचरणहरुको उपयोग गरिएको थियो ।

## १. क्षमता विकास समन्वय समिति गठन

क्षमता विकास योजना तयारी दिग्दर्शन, २०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरुका लागि कार्यपालिकाका सदस्यहरु समेत सहभागी रहेका अनुशिक्षणका सहभागीहरुको निर्णयबाट निम्न अनुसारको क्षमता विकास सिमन्वय समिति गठन गरेको थियो,

**समन्वय समितिः**

| | |
|---|---|
| संयोजक | श्री पूर्ण बहादुर मल्ल, वडा अध्यक्ष, वडा नं. ६ |
| सदस्य | श्री तीर्था पुन, कार्यपालिका सदस्य |
| सदस्य | पुष्पा ओली, सि.अनमी |
| सदस्य | करण खड्का, इन्जिनियर |

सदस्य सचिवः श्री अरुण कुमार ओली, प्रशासन शाखा प्रमुख

## २. क्षमता विकासको योजना तर्जुमा प्रक्रियाबारे अभिमुखीकरण

मिति २०७९ चैत्र २१ का दिन निर्वाचित प्रतिनिधि, पालिका कर्मचारी साझेदार संस्थाका प्रतिनिधि गरी जम्मा ४४ जनाको उपस्थितिमा अनुशिक्षण गरियो । सो अनुशिक्षण क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूचि १ अनुसार भएको र अनुशिक्षण पश्चात विभिन्न चरणको छलफलबाट निम्न अनुसारको लेखाजोखा गरियो ।

## ३. मागमा आधारित संस्थागत क्षमता विकास आवश्यकताको लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूचि २ मा तोकिएको ढाँचा अनुसारका पाँच वटा विषयगत क्षेत्रमा सम्बन्धित महाशाखा/शाखा/एकाईका प्रमुखहरू सानो-सानो समूहमा छलफल गराई स्व–मूल्यांकन विधिबाट संस्थागत क्षमता लेखाजोखाका लागि विवरण संकलन गरी संकलित विवरणहरूको विश्लेषणबाट गाउँपालिकाका लागि आवश्यक महसुस गरिएका मागमा आधारित संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

## ४. नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखाः

सिस्ने गाउँपालिकाका अध्यक्ष्य तथा उपाध्यक्ष्या लगायत वडा अध्यक्ष, कार्यपालिका सदस्य र गठित समिति, उपसमितिका संयोजकहरूको लागि पनि सानो-सानो समूहमा संवाद गरी क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूचि ३ मा तोकिएको ढाँचा अनुसार नेतृत्व क्षमता लेखाजोखाका लागि स्व–मूल्यांकन विधिबाट विवरण संकलन गर्ने कार्य गरि नेतृत्व तहले आवश्यकता महसुस गरेको संस्थागत क्षमता विकासको आवश्यकता पहिचान गरियो ।

## ५. आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखाः

सीमित संख्यामा पालिकाका पदाधिकारीहरु सँगै बसेर कार्य सम्पादन अवस्थाको अवलोकन गर्दै सम्पादन गरेका कार्यहरूको समीक्षा गर्दै स्थानीय सरकारको संस्थागत स्व–मूल्यांकन दस्तावेजहरूको को नतिजाको अध्ययन गरि अनुसूचि ५ को उपयोगबाट आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा गरिएको थियो ।

**६. क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारपक्षहरूको पहिचान**

योजना तर्जुमाकै समयमा सहभागितामूलक विधि र हाम्रो अनुभवका आधारमा अनुसूचि-६ अनुसार विभिन्न प्रकारका क्षमता विकास कार्यका लागि आवश्यक पर्ने स्रोत व्यक्ति र सरोकारबालाहरुको पहिचान गरिएको थियो ।

**७. संस्थागत क्षमता विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचान**

संस्थागत क्षमाता विकासका लागि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुँदा छलफलकै माध्यमबाट समय निर्धारण गरियो र आवश्यक बजेटको हकमा कर्मचारी बढि अनुभवि हुने हुँदा अधिकांस बजेट आँकलन उनिहरुको अनुभवबाट र पहिचान गरिएका क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारबाला पक्षहरूसँगको संवादका माध्यमबाट तय गरिएको थियो । त्यसैगरी आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलबाटै तय गरिएको थियो ।

**८. शाखागत र विषयगत रुपमा मानव संशाधनको क्षमता लेखाजोखा**

पदाधिकारी र कर्मचारी सँगको छलफलका आधारमा दिग्दर्शनको अनुसूचि-८ र ९ अनुसार स्थानीय सरकारको शाखागत रूपमा तथा बिषयक्षेत्रगत रुपमा विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा गरि ज्ञान, सीप र दक्षता वृद्धिका लागि अपेक्षा गरिएको क्षमता विकास कार्यक्रम (विषयवस्तु) शाखाकै कर्मचारीहरुबाट प्रस्ताव गरियो ।

**९. मानव संशाधन विकास योजना कार्यान्वयनको समय र बजेट आँकलन तथा लागत व्यहोर्ने स्रोत पहिचानः**

मानव संशाधन विकासका लागि पनि क्षमता विकासको प्रकृति अनुसारको समय र स्रोत व्यक्ति वा संस्था आवश्यक पर्ने हुँदा छलफलकै माध्यमबाट समय निर्धारण गरियो र आवश्यक बजेटको हकमा मानव संशाधन विकासका लागि पनि कर्मचारी र पहिचान गरिएका क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारबाला पक्षहरूसँगको संवादका माध्यमबाट आवश्यक लागत तय गरिएको थियो । त्यसैगरी, आवश्यक पर्ने लागत व्यहोर्ने स्रोत पनि छलफलबाटै तय गरिएको थियो ।

**चरण ३ः संस्थागत क्षमता विकास र मानव संशाधन विकास योजना लेखन चरणः**

उपरोक्त विभिन्न स्तरको अध्ययन, स्वमूल्याँकन तथा विश्लेषणपछि क्षमता विकास योजना तर्जुमा सम्बन्धि दिग्दर्शन, २०७६ को अनुसूचि ७ र १० मा उल्लेख भएको फारको ढाचामा **स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना** र **स्थानीय सरकारको मानव संशाधन विकास योजना** तयार गरियो र सो को आधारमा समग्ररुपमा स्थानीय सरकारको ३ वर्षे क्षमता विकास योजना तयार गरियो ।

**चरण ४ः प्रस्तुति र प्रतिवेदन चरण**

**४.१ प्रारम्भिक प्रगतिबारे प्रस्तुतीः** सिस्ने गाउँपालिकामा अध्ययन तथा क्षमता लेखाजोखा र क्षमता विकासका उपायहरुको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछि को संश्लेषण गरी पालिका तहमामा प्रारम्भिक उपलब्धी र प्रगतिबारे भर्चुअल माध्यमबाट प्रस्तुति गरीयो ।

**४.२ क्षमता विकास योजनको मस्यौदा प्रतिवेदन तयारी र पेशः** क्षमता लेखाजोखा र क्षमता विकासका उपायहरुको पहिचान गर्ने, आवश्यक लागत तय गर्ने तथा कार्यान्वयनको समय सीमा र लागत व्यहोर्ने स्रोत पहिचान पछिको समग्र विश्लेषण गरी मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक अध्ययन र सुझावका लागि पालिकामा मिति २०८०/०१/०६ गते पठाईएको थियो ।

**४.३ अन्तिम प्रतिवेदन पेशः**

मिति २०८०/०२/२१ गते प्रदेश सुशासन केन्द्र, लुम्बिनी प्रदेशबाट प्राप्त सुझाव र गाउँपालिका, क्षमता विकास समन्वय समिति एवम् आवश्यकता अनुसार पालिकाका अन्य महानुभावहरुसँग भर्चुअल माध्यमबाट छलफल भई प्राप्त पृष्ठपोषणलाई समावेश गरी यो अन्तिम प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

**४.४ क्षमता विकास योजनाको वैधानिकता प्राप्ती**ः गाउँपालिकाका अधिकार प्राप्त अधिकारी तथा क्षमता विकास योजना तर्जुमा समन्वय समितिले प्रस्तुत मस्यौदा अध्ययन गरी प्राप्त सुझावहरुलाई समावेश गरी पठाएपछि एक तहको वैधानिकता प्राप्त भएको छ र कार्यपालकाबाट अनुमोदन भएपछि यसको पूर्ण वैधानिकता हुने छ ।

# परिच्छेद २: सिस्ने गाउँपालिकाको परिचय

पालिकाको वर्तमान क्षमता विश्लेषण र विकासका आवश्यकता पहिचान गरी क्षमता विकास योजना तर्जुमा गर्न गाउँपालिकाको वस्तुस्थिति र हाल उपलब्ध भौतिक स्रोत साधनको यथार्थ स्थितिले भूमिका खेल्ने भएकोले या खण्डमा खासगरी पालिकाबाट प्राप्त सूचना र तथ्यांकको आधारमा संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

## २.१ सिस्ने गाउँपालिकाको परिचय

### १.परिचयः

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय स्वरुपमा राज्यको पुनःसंरचना हुँदा सात प्रदेश र सातसय त्रिपन्न स्थानीय तह - गाउँपालिका र नगरपालिकाको गठन भएको हो । लुम्बिनी प्रदेशको हिमाली जिल्लामा गणना हुने रुकुम (पूर्व) नेपालको राजनीतिक नक्सामा कान्छो जिल्लाको रुपमा परिचित छ । रुकुम (पूर्व) जिल्लामा जम्मा तीन गाउँपालिका छन् । तीमध्ये एक हो सिस्ने गाउँपालिका । अन्य दुई गाउँपालिका पुथा उत्तरगंगाा र भूमे हुन् ।

नेपालको मानचित्रमा रुकुम (पूर्व) जिल्ला ८२ डि. ३५ मि. देखि ८३ डि. १० मि. पूर्वि देशान्तरसम्म र २८ डि. २८ मि. देखि २९ डि. ०० मि. उत्तरी अक्षांससम्म फैलिएको छ । यो जिल्ला समुद्री सतहबाट ७२४६ मीटर उचाईमा अवस्थित छ । यस जिल्लाको कूल क्षेत्रफल २९२१८२ हेक्टर छ । यस जिल्लाको हावापानी समशितोष्ण र शितोष्ण छ । यस जिल्लामा औषत वार्षिक वर्षा १८०० मि. मि. देखि २६०० मि. मि. सम्म हुने गरेको अभिलेख छ । यसैगरी जिल्लाको तापक्रम न्यूनतम ०.२ देखि अधिकतम ३४ डिग्री सेल्सियस पुग्ने गरेको छ । यस प्रकारको भौगोलिक अवस्थिति र हावापानीको अवस्था विद्यमान भएको रुकुम (पूर्व) जिल्लाको सुक्ष्म आकारको रुपमा सिस्ने गाउँपालिकालाई लिन सकिन्छ ।

सिस्ने गाउँपालिका साविकका सिस्ने, रुकुमकोट, स्यालापाखा, पोखरा र प्वाङ गाउँ विकास समिति मिलाएर गठन भएको हो । यस गाउँपालिकामा जम्मा ८ वडा रहेका छन् । भौगोलिक वनावटका हिसावले यस पालिकामा हिमाली र उच्च पहाडी भूधरातल रहेको छ । यस पालिकाको केन्द्र रुकुमकोट हो । यही रुकुमकोट रुकुम (पूर्व) जिल्लाको सदरमुकाम पनि हो । रुकुमकोटको भूवनोट तथा यहा रहेका कमलदह लगायतका विभिन्न दह र पोखरी समेतको विशेषता झल्काउदै ५२ पोखरी ५३ टाकुरीको रुपमा पनि रुकुमकोटले ख्याती कमाएको छ । यही तथ्यका आधारमा साविकमा सिङ्गो रुकुमलाई ५२ पोखरी ५३ टाकुरीको जिल्ला भनेर जानिन्थ्यो । अहिले रुकुम (पूर्व) ले यो विरासत धानेको छ ।

### २. जनसंख्या

राष्टि्रय जनगणना २०७८ अनुसार सिस्ने गाउँपालिकाको घरधुरी संख्या ४२९९ रहेको छ र कूल जनसंख्या १८५३४ रहेको छ  जसमा महिलाको संख्या ९५२० र पुरुषको संख्या ९०१४ रहेको छ । यस गाउपालिकाको लैंगिक अनुपात ९४.६८ रहेको छ । वडा अनुसारको जनसंख्या देहायमा प्रस्तुत गरिएको छ ।

**तालिका १ वडागत जनसंख्या विवरण**

| वडा | घरधुरी संख्या | जनसंख्या | | | सरदर घरधुरीमा जनसंख्याको आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ४८८ | २२२३ | ११०० | ११२३ | ४.५६ | ९७.९५ |
| २ | ४१८ | १७२२ | ८५९ | ८६३ | ४.१२ | ९९.५४ |
| ३ | ४४० | १८७५ | ८७७ | ९९८ | ४.२६ | ८७.८८ |
| ४ | ५९२ | २८८३ | १४२४ | १४५९ | ४.८७ | ९७.६० |
| ५ | ७५५ | ३४३६ | १६९९ | १७३७ | ४.५५ | ९७.८१ |
| ६ | ६९० | २६३१ | १२७७ | १३५४ | ३.८१ | ९४.३१ |
| ७ | ३६८ | १४७८ | ७०६ | ७७२ | ४.०२ | ९१.४५ |
| ८ | ५४८ | २२८६ | १०७२ | १२१४ | ४.१७ | ८८.३० |
| जम्मा | ४२९९ | १८५३४ | ९०१४ | ९५२० | ४.३१ | ९४.६८ |

*स्रोत:: राष्ट्रिया जनगण्ना २०७८*

## ३. भूमिको उपयोग:

यस सिस्ने गाउँपालिकाको जम्मा क्षेत्रफल ३२७.११ वर्ग कि.मि. छ । उक्त क्षेत्रफलमध्ये खेतीयोग्य जमिन ४३.२८ वर्ग कि.मि., आवास क्षेत्र १.३६ वर्ग कि.मि., नदिनाला, तालतलैया २४.१९ वर्ग कि.मि. र वनजंगलले ढाकेको क्षेत्र १९२.०४ वर्ग कि.मि., हिउँले ढाकेको क्षेत्र ६६.२४ वर्ग कि.मि. छ ।

## ४. आर्थिक क्षेत्रको स्थिति

### ४.१ कृषि

सिस्ने गाउँपालिकाका जनताको जीवन धान्ने मुख्य आधार कृषि हो । मकै, गहुँ र जौ यहाँका प्रमुख अन्नबाली हुन् । मुख्य दलहनको रुपमा सिमी उत्पादन हुन्छ । भटमासको उत्पादन पनि राम्रो छ । तरकारीको रुपमा उत्पादन हुने आलुको परिमाण पनि निकै छ । सिमि, भटमास र आलु बालिका बाहिर पनि निकासी हुन्छ । अचार वा छोप बनाउन प्रयोग हुने भाङोको उत्पादनले पनि कृषकलाई आम्दानी गर्ने अवसर दिएको छ । मानिसका लागि दुध, दही, मही र घ्यूको घरायसी आवश्कता परिपूर्ति गर्न र खेतबारीमा चाहिने मलका निमित्त गाई, भैसी पालन प्रचलित छ । पहिलेको जमानामा धेरै संख्यामा पशुपालन गर्ने चलन रहेकोमा अहिले थोरै संख्यामा पाल्ने गरेको देखिन्छ । गाईका वहर र भैसीका राँगाको विक्रिबाट पशुपालक कृषकले राम्रो आम्दानी गर्ने गरेको पाईन्छ । २०७८ असार १५ सम्मको यस पालिका भित्रको राँगा भैंसी संख्या २२५९, गाई गोरुको संख्या ६९८५, हाँस कुखुराको संख्या १४२५९ रहेको छ । यस पालिकाको कूल खाद्यान्न उत्पादन ६४२३ मे.ट. छ ।

### ४.२ उद्योग

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट जिल्लाको समेत सदरमुकाम भएकाले शहरीकरण तर्फ उन्मुख भै रहेको छ । पालिकाका अन्य सबै भू-भाग ग्रामीण परिवेशको छ । त्यसैले यहाँ जे-जति उद्योग छन् ती सबै घरेलु तथा साना उद्योगको रुपमा छन् । भेडाको उनबाट कम्बल बनाउने सीप परम्परागत रुपमा हरेक पुस्तामा सर्दै आएकोले प्राय: प्रत्येक घरमा कम्बल बनाउने गरेको पाईन्छ । सदरमुकाममा फर्निचर उद्योग फस्टाउदै गएको छ । यस्ले रोजगारी र आम्दानीको अवसर दिएको छ । कुटानी पिसानीका लागि मिलहरु संचालनमा आउन थालेवाट साविकका घट्टहरु विस्थापित हुँदै गएका छन् । २०७८ असार १५ सम्मको

तथ्यांक अनुसार यस पालिका भित्र संचालन हुने गरी दर्ता भएका उद्योग हरुकोको संख्या २११ बाट ४४५ वटा रोजगारी सिर्जना भएको छ ।

## ४.३ पर्यटन

सिस्ने हिमाल, सानी भेरी नदी र कमल दह सिस्ने गाउँपालिकाका विशिष्ट प्राकृतिक सम्पदा हुन् । देउराली गुफा, पोखराको तातोपानी, नौधारी झरना, नौधारी लेक, तिमिले लेक, तीन वेनी लेख, लुम्पा सप्तऋषि धारा लगायत प्रकृतिले दिएका थुप्रै सम्पदा यस पालिकामा छन् । प्रकृतिका यी सुन्दर, रहस्यमय र लोभलाग्दा सम्पदा पर्यटन व्यवसायका लागि विराट सम्भावना हुन । सँस्कृतिका हिसावले पनि सिस्ने गाउँपालिका सम्पन्न छ । महिनै पिच्छे उत्सव तथा पर्वहरु आयोजना भै रहने यस पालिकाले ठुलो संख्यामा पर्यटक भित्राउन सक्छ । सदरमुकाममा होटेल व्यवसाय र ग्रामीण क्षेत्रमा होमस्टेका माध्यमबाट पर्यटन व्यवसाय फस्टाई रहेको छ । मध्यपहाडी लोकमार्ग यसै पालिका केन्द्र हुँदै गएकाले रुकुमकोट आउने पाहुनाहरुको संख्या बढ्दै गएको पाईन्छ । स्थानीय रोजगारी सिर्जनामा पर्यटन क्षेत्र आकर्षक ढङ्गले फस्टाई रहेको छ ।

## ४.४ व्यापार व्यवसाय

जनताको दैनिक आवश्कताका वस्तुको विक्रिवितरण हुने बजारहरु ग्रामीण क्षेत्र सम्म विस्तार भै रहेका छन् । सदरमुकाम रुकुमकोट लगायत हरेक वडा केन्द्रहरु जराधार तहका आर्थिक वृद्धि केन्द्रको रुपमा विकास भै रहेका छन् । यसवाट स्थानीय उत्पादनको विक्रिवितरणलाई समेत सघाउ पुगेको छ । पालिकामा दर्ता भएका व्यापारिक पसलहरुको संख्या निरन्तर बढ्दो क्रममा छ ।

## ४.५ बचत तथा ऋृण समूह

ग्रामीण क्षेत्रमा पूंजीको निर्माण तथा परिचालन हेतु समूहमा न्यून दरमा बचत गर्ने र आवश्यकता पर्दा ऋृण लिने समूहहरु बस्ती बस्तीमा क्रियाशील छन् । समूहहरु परिपक्व हुँदै जाँदा सहकारीमा रुपान्तरण हुने गरेका पनि पाईन्छन् । यस प्रकार क्रियाशील समूहगत बचत तथा ऋृण अभियानले पनि स्थानीय आर्थिक विकासलाई टेवा पुराई रहेको छ । सिस्ने गाउँपालिकामा हाल सक्रिय बचत तथा ऋृण समूहको संख्या ४२ छ ।

## ४.६ सहकारी

ग्रामीण अर्थतन्त्रको मेरुदण्डको रुपमा सहकारीलाई लिने गरिन्छ । स्थानीय पूजीको उत्पादन वृद्धि परिचालन गर्न एकल व्यक्तिको क्षमताले नभ्याउने अवस्थामा धेरै व्यक्तिले थोरै पूँजी मिसाएर चाहिने पूँजी जुटाउन सक्ने भएकाले सहकारी ढाँचा लोकप्रिय भएको हो । सिस्ने गाउँपालिकामा सहकारीको संख्या र वार्षिक कारोवारले यही कुराको पुष्टि गर्दछ ।

## ४.७ वित्त क्षेत्र

सिस्ने गाउपालिकामा वित्तिय संस्थाहरुको उपस्थिति बढ्दो क्रममा छ । रुकुमकोटमा सरकारी कारोवार समेत गर्ने बैंक लगायत जम्मा बैंकहरुले सेवा प्रदान गरिरहेका छन् ।

## ५. सामाजिक क्षेत्रको स्थिति

### ५.१ शिक्षा

राष्ट्रिय जनगणना २०७८ अनुसार सिस्ने गाउँपालिकामा ५ बर्ष माथीको जनसंख्या १६६२२ रहेको छ र सो उमेर समूहको कूल साक्षरता दर ७५.६० रहेको छ। सोमध्ये, पुरुषको साक्षरता दर ८३.६६ प्रतिशत छ भने महिलाको साक्षरता दर ६६.१२ प्रतिशत छ। सबै भन्द उच्च साक्षरता दर वडा नं ३ को ७९.१४ प्रतिसत छ भने सबै भन्दा न्युन साक्षरता वडा नं १ को ६५.३९ प्रतिसत रहेको छ।

सस्ने गाउँपालिकामा सामुदायिक विद्यालय तर्फ माध्यमिक तहका विद्यालयको संख्या ९ रहेको छ। आधारभूत विद्यालयको संख्या ४० छ। निजीक्षेत्रका विद्यालयहरु मध्ये मा.वि. तहको १ र आधारभूत तहको २ रहेको देखिन्छ। यस पालिकामा एउटा क्याम्पस संचालित छ। रुकुमकोट स्थित माध्यमिक विद्यालयको विगत गर्व गर्न लायक छ। यस विद्यालयबाट उत्पादित विद्यार्थीहरुले उच्चस्तरमा समेत राम्रो नतिजा लिएर पढेको इतिहास भेटिन्छ। तत्कालिन रुकुम जिल्लाबाट एस.एल.सि. पास गर्ने प्रथम छात्राको रुपमा रुकुमकोटकी गायत्रा शर्मा भएबाट रुकुमकोट शिक्षाको दियो बलेको ठाउँ हो। सिस्ने पालिकाको केन्द्र रुकुमकोट रुकुम (पूर्व) जिल्लाको सदरमुकाम समेत भएकाले रुकुमकोटले जिल्लाको शैक्षिक उत्थान गर्न अगुवाई गर्न सक्छ।

### ५.२ स्वास्थ्य

सिस्ने गाउँपालिकाको औषत आयु ६६.५ वर्ष रहेको छ। पुरुषको सरदर आयु ६८ वर्ष र महिलाको सरदर आयु ६५ रहेको छ। यस पालिकामा ५० शैयाको एउटा अस्पताल छ। सो अस्पताल प्रदेश सरकार मातहतमा संचालित छ। वडास्तरमा एक/एकवटा स्वास्थ्य केन्द्र रहेका छन्। मातृशिशु स्वास्थ्यको जिम्मेवारी बहन गरिरहेका महिला स्वास्थ्य स्वयंसेविकाको संख्या ४२ रहेको छ।

### ५.३ खानेपानी तथा सरसफाई

राष्ट्रिय जनगणना २०७८ अनुसार सिस्ने गाउँपालिकामा धाराबाट बितरण गरिएको खानेपानीको सुविधा पाउँने ३९०८ परिवार छन भने नढाकिएको कुवाको पानी खाने ३९ र ढाको कुवाको पानी खाने १ परिवार छ। सिधै पानीको मुलबाट खानेपानी प्रयोग गर्ने घरपरिवार ३३९ छ। नदिखोलाको पानी खाने घरपरिवार तथा अन्य प्रकार बाट खानेपानी खाने परिवार १२ छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सिस्ने गाउपालिकाका २१२३ घरमा फ्लस भएको शौचालयमाको व्यवस्था छ र २०४५ परिवारको खाल्टे चर्पिको मात्र व्यवस्था छ। त्यसै गरी अझै पनि १२७ परिवारको कुनै प्रकारको शौचालय छैन र ४ परिवार सार्बजनिक शौचालय प्रयोग गर्दछन।

### ५.४ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

सन् १९९५ मा वेईजिङमा आयोजित महिला विकासकालागि अन्तराष्ट्रिय सम्मेलनले विकासमा महिलाको समान हकका बारेमा सशक्त रुपले पैरवी गऱ्यो। संयुक्त राष्ट्र संघले सन २००० देखि २०१५ सम्मका लागि घोषणा गरेको सहश्राब्दी विकास लक्ष्यले लैङ्गिक समानता तथा महिला सशक्तीकरण को विषयलाई जोडदार रुपले प्रमुख लक्ष्य निर्धारण गऱ्यो। नेपाल उक्त दुवै मञ्च मार्फत लैङ्गिक समानता तथा महिला

सशक्तीकरणको विषयमा प्रतिवद्धता जाहेर गर्ने राष्ट्र हो । शासन सञ्चालनका अङ्गहरु नीति, कानून, योजना, बजेट, कार्यक्रम, कार्यविधि आदिमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको विषयलाई संवोधन गर्ने गरी नेपालले अभ्यास गरी रहेको छ । स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिमा ४० प्रतिशत महिला सहभागिता हुनु सोही प्रतिवद्धता र प्रयासको प्रतिफल हो ।

सिस्ने गाउपालिकाले लैङ्गिक समानता र महिला सशक्तीकरणको विषयलाई प्राथमिकताका साथ संवोधन गर्दै आएको छ । विकास आयोजनाको छनोट, कार्यान्वयन र प्रतिफल उपभोग गर्ने सन्दर्भमा लैङ्गिक समानताको सम्मान गर्न पालिका सचेत छ । महिलाहरुको सशक्तिकरणका लागि समूह निर्माण, बचत तथा ऋण परिचालनमा सहभागिता, विकास आयोजनाका लागि गठित उपभोक्ता समितिमा महिलालाई समावेश गरेर योजना प्रकृयामा समान रुपले सहभागी हुने अभिरुची जगाउने र अभ्यास गराउने कार्यमा सिस्ने गाउँपालिका सक्रिय रहदै आएको देखिन्छ ।

## ६ भौतिक पूर्वाधार

### ६.१ सडक तथा यातायात पूर्वाधार

सडक तथा यातायातको सुविधाले मानिसले आफुलाई सुगम स्थानमा बसेको महसुस गर्दछ । आधारभूत वस्तु तथा सेवा नियमित आपूर्ति भएको अनुभव गर्दछ । सुगम ठाउँमा बसाईसराई गर्ने ईच्छा गर्दैन । र जहाँ छ त्यही ढुक्कसँग दिगो रुपमा जीवन यापन गर्न थाल्दछ । अहिले सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोटबाट छिमेकी पालिका, जिल्ला तथा प्रदेश एवं संघीय राजधानीसम्मको सडक आबद्धता स्थापित भएको अवस्था मात्र छैन, यहाँ नियमित रुपमा यातायात समेत चलेका छन् ।

मध्यपहाडी लोकमार्ग यहाँको निम्ति बरदान भएको छ । कोईलावास- होलेरी - घर्तिगाउँ- चुन्वाङ- रुकुमकोट- सिस्ने - डोल्पा मरिमला सडक (सहिदमार्ग) ले उत्तर दक्षिणको आवद्धतालाई स्थापित गर्दैछ । सानी भेरी - उत्तरगंगा करिडोर अर्को महत्वपूर्ण सडक हो । यसरी निर्माण भै रहेका सडकहरुले सिस्ने गाउँपालिकाको यातायात सञ्जालले गाउँबस्तीलाई जोड्नका साथै राजधानी शहरहरु र प्रमुख बजार तथा पर्यटकीय गन्तव्यहरुमा पुग्न सहज हुँदैछ । पालिकाभित्र पनि पालिका केन्द्रबाट वडाकेन्द्र सम्म सडक सञ्जालले जोड्ने र वडाकेन्द्रबाट बडाभित्रका बस्तीहरुलाई जोड्ने गरी सडक विस्तारको काम भैरहेकोछ । अहिले सम्म जम्मा ८ वडा मध्ये ६ वडामा सडक पुराउने काम भै सकेको देखिन्छ । २०७७ असार सम्मको तथ्याङ्कलाई केलाउदा सिस्ने गाउँपालिकाको भित्र जम्मा ४० किलोमिटर सडक निर्माण भै सकेको देखिन्छ ।

### ६.२ झोलङ्गे पुल

पहाडी भूधरातल भएका स्थानमा यात्राको दुरी कम गर्न झोलङ्गे पुल अत्यन्त महत्वपूर्ण उपाय हो । रुकुम (पूर्व) जिल्लामा झोलङ्गे पुलको निर्मित संख्या ७५ रहेको छ । यसमध्ये सिस्ने गाउँपालिकामा जम्मा १८ वटा झोलङ्गे पुल प्रयोगमा छन् । पहाडी जमिनमा पैदल यात्रा आवश्कता र रहर दुवै कारणले आवश्यक भै रहने भएकाले झोलङ्गे पुलको आवश्कता र महत्व कायम रहिरहने छ ।

### ६.३ विद्युत तथा उर्जा

विद्युतको प्रयोगले आधुनिक जीवनको महसुस गराउदछ । राष्ट्रि जनगणना २०७८ अनुसार सिस्ने गाउपालिकाका ३४३५ परिवारले उज्यालोका लागी बिजुली प्रयोग गरेको अवस्था छ भने ७९४ परिवार

शोलार बत्ति बाल्ने गर्दछन । त्यसै गरी ९ परिवार मट्टितेल प्रयोग गर्दछन र ३ परिवार बायोज्ञाँस र ५८ परिवार अन्य स्रोत बाट बत्ति बाल्ने गर्दछन ।

त्यसैगरी राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाका ३६३६ घर परिवारले खाना पकाउँन दाउरा प्रयोग गर्दछन भने ६२५ परिवार ज्ञाँस प्रयोग गर्दछन । त्यसै गरी १० परिवार खाना पकाउँन बिद्युत उर्जा प्रयोग गर्दछन भने २५ परिवार बायो ग्याँस र ३ परिवार मट्टिलेल प्रयेग गर्दछन ।

## ६.४ सिंचाई

नेपालीहरुका लागि कृषि जीवनको मुख्य आधार हो । कृषिका निमित्त सिंचाई प्राण हो । खेतीयोग्य जमिनका लागि उत्पादन सहयोगी पूर्वाधरको रुपमा सिंचाईको आवश्कता पर्दछ । तथ्यांक केलाउदा सिस्ने गाउँपालिकामा २.६१ प्रतिशत खेतियोग्य जमिनमा सिंचाईको सुविधा छ ।

## ६.५ आवास तथा शहरी विकास

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट जिल्ला सदरमुकाम समेत भएकाले यहा सार्वजनिक भवन तथा निजी आवास भवनहरु धमाधम निर्माण भै रहेका छन् । रुकुमकोट गाउँ अव शहरको स्वरुपमा रुपान्तरण हुँदै छ । रुकुमकोटको शहरी विकास गुरुयोजना तयार भएको पाईन्छ । सोही अनुसार रुकुमकोटलाई विकास गर्दै लैजान जरुरी छ ।

वडाकेन्द्रहरु जराधार तहका आर्थिक वृद्धिकेन्द्र (ईकोनोमिक ग्रोथ सेन्टर) को रुपमा विकास हुँदै जाने भएकाले वडाकेन्द्रमा समेत आवास तथा शहरी विकासका प्रारम्भिक चरणका कामहरु गर्दै जान जरुरी छ । सिस्ने गाउँपालिका भविष्यमा पर्यटनको हव बन्ने संभावना बोकेको पालिका भएकाले यहाँका घर तथा बस्तीमा सौन्दर्य झल्कने गरी निर्माण गर्न अहिले देखि नै लाग्न आवश्यक छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाका ४२९९ घरपरिबार मद्धे ४०७७ घर परिवार आफ्नै घरमा बसोबास गर्दछन भने २०४ परिवार भाडाको घरमा बसोबास गर्दछन । त्यै गरी ११ परिवार संस्थागत रुपमा तथा ७ परिवार अन्य प्रकारले बसोबास गर्दछन ।

## ६.६ सञ्चार

सञ्चार सहज जीवनयापन तथा सक्रिय अर्थतन्त्रका लागि अनिवार्य साधन हो । दूरसञ्चार, रेडियो, टेलभिजनले सूचना, शिक्षा र मनोरञ्जन प्रदान गरेर मानिसलाई आर्थिक रुपले सक्रिय बनाई रहेका छन् । सिस्ने गाउँपालिकाको सबै भूभागमा टेलिकम सिग्नल उपलब्ध छ । स्थानीय जनताले नेपाल टेलिकम वा एनसेलको दूर सञ्चार सेवा उपभोग गरिरहेका छन् । सिस्ने गाउँपालिकामा स्टेसन भएको .२ वटा एफ. एम. रेडियोले सेवा पुराई रहेको छ । डिसहोम लगायतका सेवा प्रदायकहरुले टेलिभिजन च्यानलहरुलाई घरघरमा पुराएका छन् । ईन्टरनेट सेवामा समेत आकर्षण बढ्दै गएको छ । सदरमुकाममा वाईफाई सेवा उपलब्ध छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाका ३००० परिवारलाई रेडियो सेवामा पहुँच रहेको छ भने १०८७ परिवार लाई टेलिभिजनमा पहुँच रहेको छ । त्यसै गरी २८८ परिवारलाई ल्याण्डलाईन फोन सेवा उपलब्ध छ र ५९२ परिवारलाई ईण्टरनेटको सुबिधा उपलब्ध छ ।

## ७. प्राकृतिक श्रोत व्यवस्थापन

### ७.१ वन, वातावरण र जलाधार

नेपालको कूल भू-भागको ४४.७४ प्रतिशत वन क्षेत्रले ओगटेको छ। लुम्बिनी प्रदेशमा वन क्षेत्रले ओगटेको भू-भाग ५० प्रतिशत भन्दा बढी छ । डिभिजन वन कार्यालय, रुकुम (पूर्व) ले दिएको जानकारी अनुसार यस जिल्लाको कूल भू-भागको ५९ प्रतिशत वन क्षेत्रले ओगटेको छ । यसैगरी सिस्ने गाउँपालिकाको मात्र तथ्याङ्क केलाउदा यस पालिकामा वन क्षेत्रले ओगटेको भूभाग ५८.८० प्रतिशत रहेको देखिन्छ । वन, वनस्पति, जैविक विविधता, जडिवुटी र जलाधार समेट्ने यो क्षत्र स्थानीय वासिन्दाका लागि जीवन निर्वाहको प्रमुख आधार हो । कृषि, पशुपालन तथा घरेलु तथा साना उद्योगका लागि यो क्षेत्रको योगदान अत्यन्त महत्वपूर्ण छ । मानिसको क्रयशक्ति बढ्दै जांदा पर्यटन क्षेत्र फस्टाउदै जाने भएकाले प्रकृतिमा आधारित पर्या-पर्यटनका निमित्त पनि वन, वनस्पती र जलाधार क्षेत्रलेअवसर प्रदान गर्दछ ।

सिस्ने गाउँपालिकाको वन क्षेत्र कृषि, पशुपालन, ईन्धन आपुर्ति (दाउरा), काठको आवश्यकता परिपूर्ति, फर्निचर उद्योगको लागि काठ, जडिवुटी सङ्कलन लगायतका आवश्यकता परिपूर्ति र आर्थिक क्रियाकलापका निमित्त स्थानीय वासिन्दाको जीवनाधारको रुपमा रहेको छ । वन क्षेत्र स्वच्छ वातावरणको मुख्य आधार भएकाले सिस्ने गाउँपालिकाको मौजुदा वन क्षेत्रले यहाको वातावरण स्वच्छ बनाई राख्न अतुलनीय योगदान गरी राखेको छ । विभिन्न जातीका वनस्पतीको उपलब्धताले यो पालिका अनुसन्धान र पर्यटनको विशाल संभावना बोकेको छ ।

प्राकृतिक श्रोतको अर्को महत्वपूर्ण पक्ष जलाधार हो । सानी भेरी, उत्तर गङ्गा नदीमा आधारित यस पालिकाको जलाधार क्षेत्र मानव वसोवास र पर्या-पर्यटनका लागि अत्यन्तै जीवन्त सम्पदाको रुपमा रहेको छ । यस पालिकामा जलाधारको प्रचुरताले जलविद्युतको पनि राम्रो संभावना छ । सिस्ने हिमालको दिव्यता र मनमोहकताको पृष्ठभूमिमा यस पालिकाको वन, वनस्पती र जलाधारको प्रचुरतालाई समृद्ध सिस्नेका गन्तव्य पछ्याउने सशक्त आधारको रुपमा लिन सकिन्छ ।

## ८. जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन

### ८.१ जलवायु परिवर्तन अनुकूलन

सिस्ने गाउँपालिकामा पनि जलवायु परिवर्तनका असरहरु अनुभव हुन थालेका छन् । वर्षाको समयतालिका अनिश्चित भएको छ । मनसुनको वर्षाको समय छोटिनु तर पानीको मात्रा नघट्नु एउटा चरित्र देखिएको छ भने हिउँदमा कहिले असाध्यै वर्ष र कहिले असाध्यै सुख्खा अर्को चरित्र देखिएको छ । हिमालमा हिउ कम पर्ने र छिटै पग्लने दृश्यले पनि जलवायु परिवर्तनको महसुस भै रहेको छ । पानीका मुहान सुक्दै जाने समस्या सिस्ने गाउँपालिकामा समेत अनुभव हुन थालेको छ । वर्षाको चरित्र फेरिदै जादा बाढी, पहिरो, खडेरी, हावाहुरी, चट्याङ, आगलागी जस्ता प्राकृतिक विपद्हरुको मात्रा बढेको छ । यसबाट जनधनको समेत क्षति हुने गरेको छ । सिस्ने गाउँपालिको मात्र तथ्याङ्क केलाउदा गत तीन आर्थिक वर्षमा विपद्बाट ज्यान गुमाउने संख्या छैन । यसैगरी क्षति भएको धनको हिसाव ४५ लाख वरावरको छ ।

### ८.२ विपद् व्यवस्थापन

प्राकृतिक र मानवीय विपद्का घटनाको आवृत्ति उच्च हुँदै जान थालेपछि विपद् व्यवस्थापनको विषय विकास व्यवस्थापनको मुलधारमा समाहित भएको छ । नेपालले २०७२ वैशाख १२ गते व्यहोरेको

महाविनासकारी भूकम्प र २०७६ माघ देखि व्यहोर्दै आएको विश्वव्यापी महामारी कोभिड-१९ ले विपद् व्यवस्थापनका सन्दर्भमा नेपाललाई पाठ सिकाईरहेको छ । फोहर पानी पिउनाले र लामखुट्टेको टोकाईका कारण पनि वेलावेलामा महामारी फैलने गरेको नेपालको तीतो अनुभव छ । नेपाल खुलादिशामुक्त देश घोषणा भएबाट सभ्यताको एक सिढी उचाईमा उक्लेको अवस्था छ । सिस्ने गाउँपालिकामा शतप्रतिशत जनतालाई शौचालयमा शौच गर्ने बानी वसाउन जररी छ । सफा पिउने पानीको उपलब्धतालेस्वास्थ्य सम्बन्धी विपद् न्यूनीकरण हुँदै जाने देखिन्छ । सिस्ने गाउँपालिकाले जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापनको सन्दर्भमा स्थानीय विपद् तथा जलवायु उत्थानशी योजना तयार पारेर कार्यान्वयन गर्न थालेबाट सरकार र समुदाय उल्लेखित विषय प्रति सजग रहदै दृढताका साथ उत्थानशील क्रियाकलापमा जुटेको देखिन्छ ।

## ९. संस्थागत व्यवस्था

राज्यशक्तिको प्रयोग गर्ने अर्थात कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी अधिकार प्राप्त सिस्ने गाउँपालिकाको गाउँकार्यपालिका, गाउँसभा र न्यायिक समितिहरु निर्वाचित जनप्रतिनिधिले वहाली गरे दखि क्रियाशील भएका हुन् ।

गाउँकार्यपालिका अन्तर्गत गाउँकार्यपालिकाको कार्यालय, विषयगत कार्यालयहरु (शाखा वा ईकाई) र वडा कार्यालयहरु सञ्चालित छन् । प्रमुख प्रशासकीय अधिकृतको मातहतमा उल्लेखित तीनै प्रकारका कार्यालयमा कर्मचारी कार्यरत छन् । कर्मचारी समायोजनको काम विलम्ब हुदा शुरुका दुई वर्ष कर्मचारीको अभाव व्यहोर्न परेता पनि अहिले कर्मचारीको समस्या छैन । सिस्ने गाउँपालिकाले हालसम्म ८५ वटा ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएर संस्थागत क्षमता बढाएको छ ।

### २.२ मानव संशाधनको अवस्था

यस गाउँपालिकाको समग्र कर्मचारी विवरण हेर्दा गाउँपालिकाभित्र प्रमुख प्रशासकीय अधिकृत देखी सामान्य सफाई कर्मचारी सम्म गरी १०९ जना कर्मचारी संयन्त्र रहेको छ । त्यसैगरी, १६ सदस्य रहेको कार्यपालिका तथा जम्मा ४१ जनप्रतिनिधि रहेका छन । गाउँ पालिकाको संगठन संरचना सर्भे नभएको हुँदा संगठन चार्ट तयार नभएको अवस्था छ ।

### २.३ संस्थाको चल अचल सम्पत्ति विवरण:

संस्थागत क्षमताका हिसावले यो गाउँपालिका साधन स्रोतले केहि मात्रामा सम्पन्न रहेको अवस्था छ । गाउँपालिका बाट प्राप्त विवरण अनुसार ७ मध्य ६ वटा वडामा र गाउँपालिकामा आफ्नै भवन रहेका छन् । साथै, यस गाउँपालिकासँग हलुका सवारी साधन १ वटा दमकल २, हेभी साधन २ मोटर साईकल ८ वटा रहेको अवस्था छ ।

# परिच्छेद ३: क्षमता विकासको समग्र लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ अनुसार स्थानीय सरकारको क्षमता विकासलाई संस्थागत र मानव संशाधन क्षमता विकास लगायत विभिन्न आयाममा विभाजन गरि सोहि अनुकुलका प्रकृयाबाट यो क्षमता बिकासको योजना निर्माणलाई अगाडी बढाईएको छ ।

## ३.१ संस्थागत क्षमता विकास तीन आयाम

सामान्यतयाः क्षमता विकासलाई तीन आयाममा विश्लेषण गर्न सकिन्छ । सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनुकुलन हुने गरी आवश्यक संख्यामा मानव संशाधनको व्यवस्था र तिनिहरुको जिम्मेवारी अनुसारका कार्य गर्नसक्ने गरी ज्ञान, सीप र क्षमताको विकास गर्नु अर्को पाटोमा जरुरी देखिन्छ ।

पालिकाले जनसमक्ष घरघरै र निरन्तर पुर्याउँनु पर्ने कतिपय सेवाहरु पनि हुन्छन्, जस्तैः कृषि सेवा, पशु सेवा, खानेपानी हरुको मर्मत सेवा, बालि तथा पशु बिमा सेवा, पकेट क्षेत्र विकास सेवा, मानव स्वास्थ्य सेवा आदि । यी सबै प्रकारका सेवाहरु पालिका तथा वडामा रहेको सीमित जनशक्तिबाट कार्यबोझको कारणले ,,,,, मात्र संभव नहुने हुँदा अन्य सरोकारबालाहरु तथा बस्तिस्तरकै युवा युवतीको क्षमता विकास गरी सेवा बजारहरुको स्थापना गर्दा उपयुक्त हुन्छ । पालिकाबाट प्रवाह हुने कतिपय सेवाहरु स्थानीय स्तरबाटै प्रवाह हुँन सक्ने बनाउँनु पनि क्षमता विकासको परिधिभित्र पर्न जान्छ ।

**क्षमता विकासका तीन आयामः**




## ३.२ सिस्ने गाउँपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूचि २, ३ र ५ अनुसार स्थानीय सरकार संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा, संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा, आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा तथा ***समुदायका सेवा समुदाय बाटै*** भन्ने मान्यतालाई पनि आत्मसात गरी आवस्यक सेवा बजारहरुको समेत लेखाजोखा गर्दा विकास व्यवस्थापन, संस्थागत संरचना

तथा संगठन व्यवस्थापन, वित्तीय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्य, मानव संशाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण, राजस्व परिचालन र वित्तीय अनुशासन जस्ता एकल, साझा तथा संघीय कानूनबाट व्यवस्थित अधिकारहरुको प्रभावकारी उपयोगका लागि भौतिक स्रोत साधन व्यवस्था, नीति, योजना, ऐन/नियम/कार्यविधि तयारी, मानव संशाधन प्राप्ती र तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान जस्ता हरेक क्षेत्रमा क्षमता विकासका लागि माग भएको स्थिति छ ।

**आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासन अन्तर्गत,**

१. **मागमा आधारित क्षमता लेखाजोखा:** दिग्दर्शनको अनुसूचि २ अन्तर्गतका क्षमता विकास क्षेत्र जस्तै: विकास व्यवस्थापन, संस्थागत संरचना तथा संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन र समन्वय र सहकार्य जस्ता विषयहरुका अतिरिक्त मानव संशाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापडण्ड निर्धारण जस्ता अतिरिक्त विषयहरु माथि पालिका भित्र शाखागत रुपमा छलफल हुँदा अधिकाँस शाखाहरुबाट माथी भनिएका क्षमता विकास क्षत्रमा अभिमुखिकरण तथा तालिमहरुको अपेक्षा गरिएको छ, भने दिग्दर्शनकै अनुसूचि ३ अन्तर्गत नेतृत्व तहको क्षमता लेखाजोखा हुँदा पनि क्षमता विकासका हरेक क्षेत्रमा प्रशिक्षण, अनुशिक्षण, स्रोत साधनको व्यवस्थापन, थप कर्मचारी दरबन्दी जस्ता कुराहरु माग भएको अवस्था छ ।

२. **आपूर्तिमा आधारित क्षमता लेखाजोखा:** त्यसैगरी, अनुसूचि ५ को आपूर्तिमा आधारित क्षमताको लेखाजोखा अन्तर्गत गाउँपालिकाको अधिकारको उपयोगको अवस्था, ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्था, शाखा तथा ईकाईगत कर्मचारी तथा पूर्वाधार अवस्थार नयाँ अवधारणा, नीति तथा सूचना प्रविधिको उपयोगको विश्लेषण गर्दा केहि ऐन नियम तथा कार्यविधिहरु तयार गर्न बाँकी भएको अवस्था, कर्मचारी दरबन्दि थपको व्यवस्था र नया अवधारण अन्तर्गत केहि योजना, गुरुयोजना तयारी तथा अद्यावधिक गर्नु पर्नेजस्ता विषयहरु सम्बन्धित योजना बनाउँनु पर्ने देखियो ।***(लेखाजोखाको विस्तृत विवरण अनुसूचि १ देखि ३ सम्म र क्षमता विकास योजनाको विवरण तल तालिका २ मा दिईएको छ)***

## ३.३ मानव संशाधनको क्षमता विकास लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूचि ८, र ९ अनुसार स्थानीय सरकार विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा (शाखागत रूपमा) र स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा (विषयक्षेत्रगत रूपमा) क्षमता विकास आवश्यकताको लेखाजोखा गर्दा आवश्यक ठानिएका ज्ञान, सीप र दक्षता वृद्धिका लागि सामान्यतया निम्न अनरसार अपेक्षा गरिएको अवस्था छ,

- दिग्दर्शनको अनुसूचि ८ अन्तरगत सबै शाखाका कर्मचारीले स्वमूल्याँकन गरी आफ्नो तोकिएको जिम्मेवारी पुरा गर्न ज्ञान, सीप र क्षमता मध्यम रहेको जाहेर गरेका छन र थप क्षमता विकासमा कुनै अपेक्षा नराखेको अवस्था छ ।
- त्यसैगरी, दिग्दर्शनको अनुसूचि ९ अन्तर्गत विषयगत क्षेत्रका रुपमा स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा गर्दा विभिन्न नेतृत्व तह, वडासमिति तथा कर्मचारी र पालिकाका विभिन्न कर्मचारीलाई विभिन्न विषय खासगरी पालिका तथा वडाहरुको नेतृत्व तहलाई ७ प्रकारका तालिम तथा प्रशिक्षणहरुको माग भएको छ भने पालिकाका विभिन्न तहका कर्मचारी लाई १३ प्रकारको तालिम तथा प्रशिक्षणहरुको माग भएको अवस्था छ । ***(लेखाजोकाको***

*विस्तृत विवरण अनुसूचि ४ र ५मा) र क्षमता विकास योजनाको विवरण तल तालिका ३ मा दिईएको छ)*

## ३.४ सेवा बजारहरुको क्षमता विकास लेखाजोखा

गाउँपालिकाले जनसमक्ष घरघरै र निरन्तर पुर्‍याउँनु पर्ने सेवाहरु पनि हुन्छन् ,जस्तै: कृषि सेवा, पशु सेवा, खानेपानीहरुको मर्मत सेवा, बालि तथा पशु बिमा सेवा, पकेट क्षेत्र विकास सेवा, मानव स्वास्थ्य सेवा आदि । यी सबै प्रकारका सेवाहरु गाउँपालिका तथा वडामा रहेको सीमित जनशक्तिबाट मात्र संभव नहुने हुँदा बस्तिस्तरकै युवा युवतीको क्षमता विकास गरी सेवा बजारहरुको स्थापना गर्दा गाउँपालिकाबाट प्रवाह हुने कतिपय सेवाहरु स्थानीय स्तरबाटै प्रवाह हुँन सक्ने र स्थानीय सीपले स्थानीय रुपमै बजार पाउँने हुँदा ***समुदायको सेवा समुदायबाटै*** बनाउँनु पनि क्षमता विकासको एउटा महत्वपूर्ण उद्येश्य हून सक्छ । यसैलाई ध्यानमा राखी गाउँपालिकाका जिम्मेवार पदाधिकारीहरुको समन्वयमा अन्य पालिकामा पनि विकास भैरहेको निम्न अनुसारको सेवा बजारको परिचालन योजना  यस पालिकाकोलागि बनाईएको छ:

**तालिका २ सेवा बजारको विवरण**

| सि.नं | विकास गरिने सेवा | आवश्यक संख्या | यसबाट पर्ने प्रभाव |
|---|---|---|---|
| १. | ग्रामिण कृषि प्राविधिक जनशक्ति तयारी | ९ | कृषकले स्थानीय स्तरमै न्युनतम कृषि सेवा पाउने र ९ जना युवा स्थानीय स्तरमै रोजगार हुने । |
| २. | ग्रामिण पशु प्राविधिक जनशक्ति तयारी | ९ | पशुपालक कृषकले स्थानीय स्तरमै न्युनतम पशुसेवा पाउने र ९ जना युवा स्थानीय स्तरमै रोजगार हुने । |
| ३. | खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ता तयारी र परिचालन | १० | खानेपानी उपभोक्ताले स्थानीय स्तरमै न्युनतम प्लम्बिङ्ग सेवा पाउने र १० जना युवा स्थानीय स्तरमै रोजगार हुने । |
| समग्रमा समुदायलाई आवश्यक सेवा प्रवाह चुस्त हुने छ र बजार सेवाको विकास हुने छ । | | | |

# परिच्छेद ४: समग्र योजना खाका

## ४.१ स्थानीय सरकारको क्षमता विकास एक परिचय

माथि भनिएझै स्थानीय तहका क्षमता विकासका प्रमुख आयाममा, १) संस्थागत संरचना र प्रणालीमा सुधार, २) मानव संशाधन व्यवस्थापन र विकास तथा ३) सेवा बजारहरुको विकासलाई लिईन्छ । स्थानीय विकासमा यी तीनै आयामको अन्तर सम्बन्ध रहन्छ । संस्थागत प्रणाली राम्रो र साधन स्रोत सम्पन्न भए पनि यदि उचित प्रणालीमा क्षमतावान मानव संशाधनको व्यवस्था भएन भने प्रणाली एक्लैले केहि गर्न सक्दैन । यदि आवश्यक सीप र दक्षता सहितको माव संसाधान प्रचूर मात्रामा छ तर प्रणालीको अभाव छ भनेपनि मानव संशाधनले गति लिन सक्दैन । त्यसैगरी, यी दुवै चुस्त भएतापनि यदि सेवा बजारको विकास गरी सहकार्य वृद्धि भएन भने पनि विकासले गति लिन संभव छैन ।

### ४.१.२ संस्थागत क्षमता विकास एक परिचय

स्थानीय सरकारको संस्थागत क्षमता विकास भित्र उसको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि तथा उसको प्रत्यक्ष पहुँचभित्र रहेको दक्षता, सीप, बुझाइ, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्था हो । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणा सीप, क्षमता तथा स्रोतको उपयोगितामा वृद्धि गर्ने, बुझाइ तथा सम्बन्धलाई सुदृढ बनाउने र दिगोपनाका लागि मूल्य, धारणा र उत्प्रेरणाका मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने हुँदा यसलाई व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने उपायको रुपमा उपयोग गर्नु पर्ने हुन्छ ।

संस्थागत क्षमता विकासले संगठनको उद्देश्य हासिल गर्नका लागि संगठन संरचना, नीति तथा कार्य प्रक्रिया, स्रोत तथा व्यवस्थापनका मुद्दाहरूलाई सम्बोधन गर्नुपर्ने हुँदा सोको विश्लेषणलाई  यस अध्ययनमा बढि ध्यान दिइएको थियो । यसको माध्यमले व्यक्ति, संगठन र समाजमा आइपर्ने समस्याहरु समाधान गर्न, सम्भावनाहरुको उपयोग गर्न तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्न मद्दत मिल्ने अपेक्षा गरिएको छ ।

पुराना तथा अनुपयुक्त क्षमताहरूलाई हटाउने वा रूपान्तरण गर्न विद्यमान क्षमतालाई अधिकतम प्रयोग गर्न, विद्यमान क्षमताको विकास तथा सुदृढीकरण गर्न र नयाँ क्षमता स्थापना गर्ने विषयमा विश्लेषण र योजना तयारीलाई भौतिक स्रोत साधन, ऐन, नियम, विधि र प्रणाली, मानव संशाधन व्यवस्था गरी चार भागमा छुट्याएर यो योजना तयारीको क्रममा विश्लेषण गरिएको छ ।

### ४.१.२ मानव संशाधन विकास एक परिचय

भनिन्छ, **"Any value add to an employee is value added to organization"** । तसर्थ मानव संशाधनको क्षमता विकास भनेको गाउँपालिकाको खर्च नभई लगानी र कार्य क्षमता वृद्धि दुवै हो । मानवमा निहित ज्ञान र सीपले संस्थालाई चलायमान बनाउँछ । सामान्यतया: मानव संशाधन विकास भनेको संस्थामा कार्यरत कर्मचारी, प्रतिनिधि तथा विविध कार्यमा सहयोग गर्ने सेवा बजारको व्यक्तिगत र संस्थागत सीप, ज्ञान र क्षमता विकासको समष्टीगत संरचना हो ।

मानव संशाधन विकास केवल तालिम, अध्ययन, अवलोकन, गोष्ठी, अन्तरक्रिया आदि मात्र नभै यो संगठनमा आवद्ध मानिस, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुति समेत भएको हुँदा यो क्षमता विकास योजना बनाउँदा वर्तमान अबस्थामा भएको जनशक्तिको विद्यमान क्षमताको

मूल्यांकन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास रणनीति सहित योजनाको तर्जुमा गरिएको छ। अध्ययनको क्रममा पालिकाका कर्मचारीसँग दुवै व्यक्तिगत र समूहगत रुपमा कर्मचारीको कार्यविवरण अनुसार गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणा तथा उनीहरुमा विद्यमान ज्ञान, सीप र धारणाबीचको अन्तर पहिचान गरी प्राप्त भएका सूचनाहरूको अध्ययन तथा विश्लेषण गरी मानव संशाधन विकासका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरी योजना बनाईएको छ।

## ४.२ वर्तमान अवस्थाः

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भे हालसम्म नभएको अवस्था छ। गाउँपालिकाको वर्तमान संगठन संरचना अनुसार गाउँसभा, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र न्यायिक समिति लगायत अध्यक्ष र उपाध्यक्षको निजि सचिबालयको व्यवस्था छ। प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रहने गरी प्रशासना, आर्थिक प्रशासन, योजना तथा अनुगमन, सामजिक तथा आर्थिक विकास र भौतिक पूर्वाधार शाखाहरुको व्यवस्था गरेको अवस्था छ। विभिन्न पदमा रहेका कतिपय कर्मचारीहरु र विभिन्न तहका अधिकांश जन निर्वाचित प्रतिनिधिले पदिय जिम्मेवारी पुरा गर्न आवश्यक क्षमता विकासका लागि न्युनतम तालिम पनि नपाएको अवस्था रहेको छ।

## ४.३ संभावना र अवसर

यो गाउँपालिका यातायातबाट जोडिएको, केहि मात्रामा आन्तरिक आय वृद्धि गर्नसक्ने अवस्थामा रहेको र आफ्नै भवनको सुविधा भएको हुँदा संस्थागत संरचनामा भएका शाखाहरुलाई भौतिक स्रोत साधन, आवश्यक संख्यामा मानव संशाधन व्यवस्थापन र सेवा बजारहरुको विकास गर्न सकिने संभावना प्रचूर मात्रामा रहेको अवस्था छ। त्यसैगरी, पालिकाको आन्तरिक आय र संभावित सहयोगको दायराका आधारमा पनि मानव संशाधन विकासमा लगानी गर्न सकिने संभावना राम्रै छ।

## ४.४ समस्या तथा चुनौती

गाउँपालिकाभित्र समायोजन भई आएका, संघीय र, प्रदेश लोकसेवा आयोगबाट, त्यस्तै साविकका स्थानीय तहहरुबाट आएका र ज्यालादारी तथा करार गरी विभिन्न स्रोतबाट उपलब्ध जनशक्ति कार्यरत छन्। संघबाट आएको जनशक्ति छिटो छिटो सरुवा भै जाने आउँने क्रमले गर्दा पालिकाले आफ्नो स्रोतबाट क्षमता विकासमा लगानी गर्न त्यति उत्साह नदेखाउँने अवस्था रहेको छ। त्यसैगरी, ज्यालादारी तथा करारका कर्मचारी नितान्त अस्थायी प्रकृतिका भएका हुँदा त्यसमा लगानी गर्न पनि पालिकालाई उत्साह नहुने अवस्था छ। नीतिगत तहमा बस्नेलाई मानव संशाधन विकासमा खर्च गर्दा आर्थिक बोझका रुपमा हेर्ने गरेको पनि देखिन्छ।

## ४.५ सोचः

**"सिस्नेको सुशासनको आधार, कम झण्झटिलो, छिटो र पारदर्शि सहित सेवा प्रवाह र प्रसार"**

## ४.६ क्षमता विकासको लक्ष्य

संस्थागत रुपमा सवल, पूर्ण प्रजातान्त्रिक, कुशल नेतृत्वका र पूर्ण जिम्मेवारीका साथ प्रभावकारी ढंगले सेवा प्रवाह गर्न सक्षम गाउँपालिकाको रुपमा सिस्ने गाउँपालिकाको विकास गर्नु हो।

## ४.७ क्षमता विकासको उद्देश्य

- सिस्ने गाउँपालिकाको संस्थागत प्रणालीमा भौतिक स्रोत साधन तथा प्रविधिको उचित व्यवस्थापन गर्ने।

- कार्य जिम्मेवारीका आधारमा मानव संशाधनको व्यवस्थापन गर्ने ।
- कार्य जिम्मेवारी राम्रो सँग निर्वाह गर्न सक्ने गरी उपलब्ध मानव संशाधनको क्षमता विकास गर्ने ।
- निर्वाचित प्रतिनिधीहरु लाई पदीय जिम्मेवारी अनुरुपको कार्य गर्न सक्ने गरी जिम्मेवारी र काम तथा कर्तव्यबारे क्षमता विकास गर्ने ।
- सेवा बजार जस्तै टोल विकास समितिको क्षमता विकास गर्ने तथा कृषि, पशु तथा खानेपानी मर्मत कार्यकर्ताको व्यवथापन, क्षमता विकास र परिचालन गर्ने ।

## ४.८.संस्थागत क्षमता विकासको रणनीति तथा कार्यनीति

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन, २०७६ अनुसार गाउँपालिकाका कर्मचारी, जन प्रतिनिधि तथा वडामा कार्यरत सचिव एवम् अन्य कर्मचारी लगायत र सरोकारबालाहरु लाई एक दिने अनुशिक्षण पश्चात दिग्दर्शनको अनुसूचि २ देखी ५ सम्मका फारमहरु प्रयोग गरी लेखाजोखा गरी अनुसूची ७ अनुसारको योजना तयार गरिएको छ । उल्लिखित व्यक्तिहरु संलग्न गराइ दिग्दर्शनको अनुसूचि ८ र ९ का फारमहरु प्रयोग गरी लेखाजोखा तथा छलफलका आधारमा अनुसूची १० अनुसारको योजना तयार भएको छ । विस्तृत रणनीति, योजना कार्यान्वयनका सिद्धान्त र पहिलो वर्षको कार्ययोजना अनुसूची ५ मा दिईएको छ ।

## ४.९ संस्थागत क्षमता विकासका प्रमुख योजनाहरु

**तालिका ३ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा (अनुसूचि ७ मा आधारित)**

| क्षमता विकासका क्रियाकलापहरू | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | | बजेट | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | आन्तरिक | बाह्य |
| **१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित** | | | | | | | | | | | | | |
| प्राविधिक शाखालाई टोटन स्टेशन १ | संख्या | १ | प्र प्र.अ, खरिद शाखा | २ | ० | ० | २ | ४५०००० | ० | ० | ४५०००० | ४५०००० | ० |
| प्राविधिक शाखालाई ल्याव टेष्टका सामान | सेट संख्या | १ | प्र प्र.अ, खरिद शाखा | ० | १ | ० | १ | ३५००० | ० | ० | ३५००० | ३५००० | ० |
| शिक्षा शाखालाई कलर प्रिन्टर | थन | १ | प्र प्र.अ, खरिद शाखा | ० | १ | ० | १ | ० | ० | ३०००० | ३०००० | ३०००० | ० |
| ६ नं वडा लाई प्रिन्टर | संख्या | १ | प्र प्र.अ, खरिद शाखा | ० | ० | १ | १ | ० | ० | ३००००० | ३००००० | ३००००० | ० |
| ६ नं वडा लाई कुर्सी | संख्या | २० | प्र प्र.अ, खरिद शाखा | ० | ० | १ | १ | ० | ६०००० | ० | ६०००० | ६०००० | ० |
| आर्थिक प्रशासन शाखालाई फर्निचर | सेट | केहि | प्र प्र.अ, खरिद शाखा | १ | ० | ० | १ | ३५००० | ० | ० | ३५००० | ३५००० | ० |
| **भौतिक स्रोत साधन सँग सम्बन्धित जम्मा बजेट रु.** | | | | | | | | ५२०००० | ६०००० | ३३०००० | ९१०००० | ९१०००० | ० |
| **२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित** | | | | | | | | | | | | | |
| मध्यावधि खर्च संरचना तयारी | संख्या | १ | योजना शाखा | ० | ० | १ | १ | ० | ० | ५००००० | ५००००० | २५०००० | २५०००० |
| नतिजामुखी अनुगमन प्रणालीको स्थापना | संख्या | १ | योजना र लेखा | १ | ० | ० | १ | १५०००० | ० | ० | १५०००० | १५०००० | ० |
| जलवायु परिवर्तन तथा | संख्या | १ | योजना शाखा | ० | ० | १ | १ | ० | ० | २००००० | २००००० | १००००० | १००००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्वन उत्सर्जन न्यूनीकरण निर्देशिका | | | | | | | | | | | | | |
| **नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित जम्मा बजेट रु** | | | | | | | | १५०००० | ० | ७००००० | ८५०००० | ५००००० | ३५०००० |
| **३. मानव संशाधन प्राप्तिसँग सम्बन्धित** | | | | | | | | | | | | | |
| ग्रामिण कृषि प्रविधि परिचालन | संख्या | ९ | १२ वटा वडा | ९ | ० | ० | ९ | १८०००० | ० | ० | १८०००० | १८०००० | ० |
| ग्रामिण पशु प्रविधि परिचालन | संख्या | ९ | १२ वटा वडा | ० | ९ | ० | ९ | ० | २२५००० | ० | २२५००० | २२५००० | ० |
| खानेपानीका लागि ग्रामिण मर्मत संभार कार्यकर्ताका परिचालन | संख्या | १० | १२ वटा वडा | ० | ० | १० | १० | ० | ० | ३०००० | ३००००० | ३००००० | ० |
| अनुसूचि ३ ग मा उल्लेख भए अनुसार विभिन्न शाखाहरुमा मानव संशाधन थप | संख्या | २२ | क.प्र | | | | | | | | | चालु खर्च | चालु खर्च |
| **मानव संशाधन प्राप्तिसँग सम्बन्धित जम्मा बजेट रु** | | | | | | | | १८०००० | २२५००० | ३००००० | ७०५००० | ७०५००० | ० |
| **जम्मा संस्थागत क्षमता विकास बजेट रु** | | | | | | | | ८५०००० | २८५००० | १३३०००० | २४६५००० | २११५००० | ३५०००० |

## ४.१० मानव संशाधन विकासका प्रमुख योजनाहरु

**तालिका ४ स्थानीय सरकारको मानव संशाधन विकास योजनाको ढाँचा (अनुसूचि १० मा आधारित)**

| मानव संशाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | इकाई | परिमाण | समयावधि | | | | बजेट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८० /८१ | २०८१/ ८२ | २०८२/ ८३ | जम्मा | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा |
| **१. निर्वाचित पदाधिकारीहरूका लागि** | | | | | | | | | | | | | |
| १.१.स्थानीय शासन सम्बन्धी नीति, कानून र सार्वजनिक प्रशासन र सुशासन बारे सबै निर्वाचित प्रतिनिधिहरुलाई प्रशिक्षण | सुशासन सहितको सेवा प्रवाहको ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागी संख्या | ४५ | ४५ | ० | ० | ४५ | ४५०००० | ० | ० | ४५०००० |
| १.२ न्याय सम्पादन तथा मध्यस्थता बारे न्यायिक समितिका पदाधिकारी र कार्यपालिका सदस्यहरुलाई प्रशिक्षण | न्याय सम्पादन मा सहजता र मेलमिलापमा वृद्धि | स्थानीय भै झगडा मिलाउन सक्षम हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागी संख्या | ३२ | १० | १० | १२ | ३२ | १००००० | १००००० | १५०००० | ३५०००० |
| १.३ नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीबारे कार्यपालिका सदस्यहरु, वडाका सबै प्रतिनिधीहरु लाई तालिम | ग्रामिण योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याँकन बारे ज्ञान प्राप्त हुँने | योजना चक्र व्यवस्थापन तथा मुल्याङ्कन प्रणालीमा सहजता आउँने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स. को सहयोगमा | सहभागी संख्या | १६ | ० | १६ | ० | १६ | ० | २४०००० | ० | २४०००० |
| १.४ लैंगिक समानता र सामाजिक समावेशीकरणबारे कार्यपालिका र वडा समितिका पदाधिकारी लाई | GESI बारे संवेदनशिलता आउँने | समावेसी विकास हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १६ | ० | ० | १६ | १६ | ० | ० | २४०००० | २४०००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रशिक्षण | | | | | | | | | | | | | |
| १.५ सार्वजनिक समारोह व्यवस्थापनः अतिथी व्यवस्थापन, उद्घोषण बारे कार्यपालिका पदाधिकारीलाई प्रशिक्षण | एकिकृत ज्ञान प्राप्त हुने | सभा समारोह सन्चालनमन सुधार | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १६ | ० | ० | १६ | १६ | ० | ० | १६०००० | १६०००० |
| १.६ अनुगमन, मूल्यांकन, प्रतिवेदन कार्यपालिका पदाधिकारी लाई प्रशिक्षण | अनुगमन तथा मूल्याँकनको ज्ञान प्राप्त | योजनाहरुको अनुगमन भै चुस्त र यथार्थ प्रतिवेदनहरु तयार हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १० | ० | १० | ० | १० | ० | १५०००० | ० | १५०००० |
| १.६ शहरी भू–उपयोग योजना तर्जुमा तथा कार्यान्वयनबारे तालिम | | | | संख्या | १६ | ० | ८ | ८ | १६ | ० | १२०००० | १२०००० | २४०००० |
| शहरी भवन संहिता बारे तालिम | | | | संख्या | १६ | ८ | ८ | ० | १६ | १२०००० | १२०००० | ० | २४०००० |
| कार्यपालिका सदस्य तथा वडा समितीहरु लाई नेतृत्व सीप र Team Building, द्वन्द व्यवस्थापन जस्ता एकिकृत तालिम तथा छलफल | एकिकृत ज्ञान प्राप्त हुने | कार्यगत एकता कायम हुँने र नेतृत्व शैलीमा सुधार हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ४८ | १५ | १५ | १८ | ४८ | १५०००० | १५५००० | १८०००० | ४८५००० |
| अनुगमन, मूल्यांकन, प्रतिवेदन बारे कार्यपालिका र वडा समितिका पदाधिकारीलाई | | सफाई र वातावरण संरक्षणमा सुधार हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १० | १० | ० | १० | १० | १५०००० | ० | ० | १५०००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रशिक्षण | | | | | | | | | | | | | |
| जलवायु परिवर्तन तथा अनुकुलन बारे कार्यपालिका र वडा समितिका पदाधिकारीलाई प्रशिक्षण | | वातावरण संरक्षण हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ३० | १५ | १५ | ० | ३० | २२५००० | २२५००० | ० | ४५०००० |
| जनसम्पर्क तथा संवादशैली ( Community Relations & Negotiation Skills बारे कार्यपालिका सदस्यहरुलाई तालिम दिने | संबाद बारे ज्ञान बढ्ने र बार्ता तथा सम्झौता गर्न सहजता प्राप्ती | जनप्रतिनिधिहरु र जनता बिच शौहार्द्र वातावरणमा संबाद हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १६ | ० | १६ | ० | १६ | ० | २४०००० | ० | २४०००० |
| स्थानीय विकासमा दिगो विकास लक्ष्यको आन्तरिकिकरण बारे जनप्रतिनिधिहरु लाई तालिम | विषयवस्तुको ज्ञान हुने | स्थानीय विकासमा दिगो विकास लक्ष्यको आन्तरिकिकरण हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ३० | १० | १० | १० | ३० | १५०००० | १६०००० | १७०००० | ४८०००० |
| स्थानीय परिप्रेक्ष्यसँग सम्बन्धित विषयहरू जस्तैः पूर्ण खोप, सरसफाई, साक्षर, बालविवाह, घटना दर्ता, र नियन्त्रणमुखी कार्य जस्तैः छुवाछुत, भेदभाव, दाइजो, छाउपडी, बोक्सी, आदि | | | | संख्या | ४८ | १६ | १६ | १६ | ४८ | २४०००० | २५०००० | २५०००० | ७४०००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **निर्वाचित पदाधिकारीहरूका लागि रु.** | | | | | | | | | | **१५८५०००** | **१७६००००** | **१२७००००** | **४६१५०००** |
| **२. समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | | | |
| २.१ पालिका भित्रका विभिन्न विषयगत समितिका पदाधिकारीहरुलाई उनिहरुको औचित्य र जिम्मेवारीबारे प्रशिक्षण | जिम्मेवारी प्रष्ट हुने | जिम्मेवारी निर्वाह हुने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | सहभागि संख्या | २५ | ० | १० | १५ | २५ | ० | १५०००० | २२५००० | ३७५००० |
| **जम्मा समिति, उपसमितिहरूका लागि रु** | | | | | | | | | | **०** | **१५००००** | **२२५०००** | **३७५०००** |
| **३. कर्मचारीहरूका लागि** | | | | | | | | | | | | | |
| ३.१ स्थानीय शासनसम्बन्धी नीति, कानून र सार्वजनिक प्रशासन बारे पालिकाका अधिकृत र वडा कर्मचरीहरुलाई प्रशिक्षण | सुशासन सहितको सेवा प्रवाहको ज्ञान | स्थानीय शासन सञ्चालनमा सहजता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ० | १५ | ० | १२५ | ० | २२५००० | ० | २२५००० |
| ३.२ न्याय सम्पादन तथा मध्यस्थताबारे न्यायिक समिति हेर्ने कर्मचारीलाई पुनर्ताजगी प्रशिक्षण | न्याय सम्पादनमा सहजता र मेलमिलापमा वृद्घि | स्थानीय झैझगडा मिलाउन सक्षम हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १ | १ | ० | ० | १ | १५००० | ० | ० | १५००० |
| ३.३ नतिजामा आधारित योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीबारे गाउँपालिकाको योजना शाखा र प्राविधिक शाखाका कर्मचारी तथा वडा सचिवहरुलाई तालिम | ग्रामिण योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याँकनबारे ज्ञान प्राप्त हुँने | योजना चक्र व्यवस्थापन तथा मुल्याङन प्रणालीमा सहजता आउँने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | २४ | ० | १२ | १२ | २४ | ० | १८०००० | १९०००० | ३७०००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.३ शहरी भू–उपयोग योजना तर्जुमा तथा कार्यान्वयन बारे योजना र प्राविधिक शाखाका कर्मचारी तालिम | | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ८ | ० | ७ | १५ | १२०००० | ० | ११०००० | २३०००० |
| ३.४ शहरी भवन संहिताबारे योजना र प्राविधिक शाखाका कर्मचारी तालिम | | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ० | ० | १५ | १५ | ० | ० | २२५००० | २२५००० |
| ३.५ कार्यालय व्यवस्थापन तथा अभिलेख प्रणालीबारे वडा सचिवहरु र प्रशासन र सूचना प्रविधि शाखाका लगायत अन्य कर्मचारीलाई प्रशिक्षण | सेवा प्रवाह सहज | जनता सेवामा चुस्तता महशुस गर्ने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १२ | ६ | ६ | ० | १२ | ९०००० | ९०००० | ० | १८०००० |
| ३.६ लैंगिक समानता र सामाजिक समावेशीकरण बारे सा.बि.अ. तथा म.बा.अ.र अन्य कर्मचारी र वडा सचिवहरुलाई प्रशिक्षण | GESI बारे संवेदनशिलता आउँने | समावेसी विकास हुने। | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | २२ | ० | १० | १२ | २२ | ० | १५०००० | १८०००० | ३३०००० |
| ३.७ सूचना तथा ज्ञान व्यवस्थापनबारे सूचना तथा प्रविधि अधिकृतलाई तालिम | | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ८ | ४ | ४ | ० | ४ | ६०००० | ६०००० | ० | १२०००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.८ नेतृत्व सीप, Team Building, र द्वन्द व्यवस्थापन पालिकाका सबै कर्मचारीलाई तालिम | नेतृत्व बिकास को कार्य अगाढि बढ्ने | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | २४ | ८ | ८ | ८ | २४ | १२०००० | १२०००० | १२०००० | ३६०००० |
| ३.९ सकारात्मक सोचबारे पालिकाका सबै कर्मचारीलाई तालिम | सेवा प्रवाहमा सुधार | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ३२ | ० | १६ | १६ | ३२ | ० | २४०००० | २५०००० | ४९०००० |
| ३.१० लेखा व्यवस्थापन, आन्तरिक लेखापरीक्षण, बेरूजु फछ्र्यौटबारे लेखा शाखाका कर्मचारी, जिन्सी हेर्ने कर्मचारी आ.ले.प. र प्र.प्र.अ. लगायत प्रशिक्षर्ण | लेखा सम्वन्धी दैनिक कार्यसञ्चालन तथा लेखापरीक्षण बारे ज्ञान | लेखा व्यवस्थापनमा कुसलता र बेरुजु रकम घटाउने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ५ | १० | ० | १५ | ७५००० | १५०००० | ० | २२५०००० |
| ३.११ सार्वजनिक खरीद व्यवस्थापन बारे योजना, जिन्सी हेर्ने, लेखा हेर्ने कर्मचारी र प्र.प्र.अ. सहितलाई अभिमुखिकरण | खरिदलाई व्यवस्थीत गर्ने | सरकारी सम्पत्तीको व्यवस्थापन र आर्थिक पारदर्शिता | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ० | १० | ५ | १५ | ० | १५०००० | ७५००० | २२५००० |
| ३.१२ सार्वजनिक समारोह व्यवस्थापन: अतिथी व्यवस्थापन, उद्घोषण बारे सा.बि.अ. र वडा कर्मचारीलाई प्रशिक्षण | सार्वजनिक कार्यक्रम सञ्चालनका लागि | अतिथी सत्कार तथा उद्घोषण गर्न सक्षम | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १८ | ० | ८ | १० | १८ | ० | १२०००० | १५०००० | २७०००० |
| ३.१३ अनुगमन, मूल्यांकन, प्रतिवेदन बारे पालिका स्तरीय अनुगमन समिति र वडा स्तरीय अनुगमन समितिका | योजना लगायत विभिन्न क्षेत्र जस्तै वजार, खानी अनुगमन मुल्याङकन बारे जान्न | अनुगमनका चरणहरु, मुल्यांकनका विधिहरु र प्रतिवेदनका बुँदाहरुका | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १५ | ७ | ० | ८ | १५ | १०५००० | ० | १२०००० | २२५००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्मचारीलाई प्रशिक्षण | | बारेमा जानकार हुने | | | | | | | | | | | |
| ३.१४ जनसम्पर्क तथा संवादशैली र सूचना प्रविधि बारे सा.बि.अ, सूचना प्रविधि शाखाका कर्मचारी र वडाका कर्मचारीलाई प्रशिक्षण | समन्वय तथा सहकार्यका लागि, सुचना प्रविधि तथा इमेल, इन्टरनेट बारे जान्ने | आपसी समझदारी तथा समन्वय र पारस्पारिक सहअस्तीत्व, सुचना प्रविधिबारे ज्ञान हासिल | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | १६ | ८ | ० | ८ | १६ | ० | १२०००० | १२५००० | २४५००० |
| ३.१५ सबै तहका नयाँ कर्मचरी र वडाका कर्मचारीलाई सेवा प्रवेश तालिम | आफ्नो जिम्मेवारी बोध हुने | जिम्मेवारी पुरा हुने | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | | नियमित | नियमित | नियमित | नियमित | नियमित | ७५००० | ५०००० | २५००० | १५०००० |
| ३.१६ कृत्रिम गर्भाधान बारे पशु सेवा प्रविधिक हरुलाई तालिम | षिय वस्तुमा दक्षता | कृत्रिम गर्भाधानको सुरुवात हुने । | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ३ | ३ | ० | ० | ३ | ७५००० | ० | ० | ७५००० |
| ३.१७ प्रयोगशाला बिस्तार तालिम - पशुसेवा प्र. | | | प्र.प्र.अ., प्रशासन प्रमुख र स.स.को सहयोगमा | संख्या | ३ | ० | ० | ३ | ३ | ० | ० | ७५००० | ७५००० |
| **जम्मा कर्मचारीहरूका लागि रु** | | | | | | | | | | **७३५०००** | **१६५५०००** | **१६४५०००** | **४०३५०००** |
| **४. सेवाग्राही लक्षित क्षमता विकास** | | | | | | | | | | | | | |
| ४.१ कृषि, पशु सेवा र खानेपानी मर्मत कार्यकर्ता तयारीका लागि CTEVT को पाठ्यक्रम अनुसारको तालिम | सेवा विस्तार हुने | वडाहरुलाई सेवा प्रवाहमा सहजता | सबै ८ वडामा | संख्या | २८ | १४ | १४ | ० | २८ | २१०००० | २१०००० | ० | ४२०००० |
| ४.२ मेलमिलाप कार्यकर्ता तयारीका लागी तालिम | न्यायिक सेवा सेवा विस्तार हुने | वडाहरुलाई सेवा प्रवाहमा सहजता | सबै ८ वडामा | संख्या | १६ | ० | ८ | ८ | १६ | ० | १२०००० | १२०००० | २४०००० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा सेवाग्राही लक्षित क्षमता विकास रु** | | | | | | | | | | **२१०००००** | **३२०००००** | **१२०००००** | **६५०००००** |
| **५. साझेदारहरुको क्षमता विकास** | | | | | | | | | | | | | |
| ५.१ विद्यालयका शिक्षकहरुलाई बाल उद्यान स्थापना र बालमैत्री पूर्वाधारको आवश्यकता र उपयोगिता बारे अनुशिक्षण | बाल उद्यान र बालमैत्री पूर्वाधारको ज्ञान | उद्यान स्थापना र बालमैत्री पूर्वाधार निर्माण हुने | ८ वटा वडा कार्यालय | संख्या | ४० | १० | २० | १० | ४० | १५०००० | ३००००० | १६०००० | ६१०००० |
| ५.२ स्थानीय सहकारीहरु लाई कृषि उद्यम बारे प्रशिक्षण | कृषि लाई उद्यमको रुपमा बुझाई हुने | कृषिमा व्यवसायिकरण ा हुने । | ८ वटा वडा कार्यालय | संख्या | १०० | २५ | ३० | ४५ | १०० | ३७५००० | ४५०००० | ६७५००० | १५००००० |
| **जम्मा साझेदारहरुको क्षमता विकास रु** | | | | | | | | | | **५२५०००** | **७५००००** | **८३५०००** | **२११००००** |
| **जम्मा मानव संशाधन विकास रु** | | | | | | | | | | **३०५५०००** | **४६३५०००** | **४०९५०००** | **११७८५०००** |

गाउँ पालिकाको मानव संशाधन विकासको लागि अनुमान गरिको कुल बजेट रु ११७८५००० मध्ये रु. २९४६२५० अर्थात २५ प्रतिशत आन्तरिक तथा रु. ८८३८७५० अर्थत ७५ प्रतिशत बाह्य स्रोतको आँकलन गरिएको छ। त्यसैगरी, संस्थागत क्षमता विकासको रु. ४६,६५,००० मध्ये ३,५०,००० आन्तरिक (१.४२ प्रतिशत तथा रु. २११५००० (९८.५८ प्रतिशत) बाह्य स्रोतको आँकलन गरिएको छ।

## ४.११ प्रमुख अपेक्षित उपलब्धिहरु

यो क्षमता विकास योजना कार्यान्वयन भएपछि गाउँपालिकाको सेवा प्रवाह क्षमतामा निम्न अनुसारको परिवर्तन भएको हुने छ।

१. पालिकाका सबै शाखाहरु भौतिक स्रोत साधन र उपकरणबाट सुसज्जित भएका हुनेछन्।
२. पालिका थप ३ वटा नीति नियम तथा विधि र निर्देशिकाबाट सुसज्जित हुनेछ।
३. सबै शाखाहरुमा रिक्त दरबन्दि परिपूर्ति भएको हुनेछ।
४. ४८ जना जन-प्रतिनिधि, ३२ जना कर्मचारी र १०० जना सम्म साझेदाहरुको क्षमता विकास भएको हुनेछ।
५. सबै ८ वटा वडामा गरी ९ जना कृषि सेवा कार्यकर्ता, ९ जना पशुसेवा कार्यकर्ता र १० जना खानेपानी मर्मत संभार कार्यकर्ता छनौट भै तालिम पाएर वडाहरुको समन्वयमा समुदायमा सेवा प्रवाह गरी युवाहरु स्वरोजगार समेत भएका हुनेछन्।
६. गाउँपालिकाका सेवाहरु पहिले भन्दा छिटो, पारदर्शि र कम झन्झटिलो भएका हुनेछन्।

## ४.४.बजेट बाँडफाँट

**तालिका ५ पालिकाको क्षमता विकासको खर्च सारांस**

| सि.नं | क्षमता विकास क्षेत्र | जम्मा रकम रु. | आन्तरिक योगदान | बाह्य सहयोग |
|---|---|---|---|---|
| **१** | **संस्थागत क्षमता विकास तर्फ** | | | |
| १.१ | भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित | ९१०००० | ९१०००० | ० |
| १.२ | नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित | ८५०००० | ५००००० | ३५०००० |
| १.३ | मानव संशाधन प्राप्तिसँग सम्बन्धित | ७०५००० | ७०५००० | ० |
| | **जम्मा** | २४६५००० | २११५००० | ३५०००० |
| | **प्रतिशत** | **१००** | **९८.५८ प्रतिशत** | **१.४२ प्रतिशत** |
| **२** | **मानव संशाधन विकास तर्फ** | | | |
| २.१ | निर्वाचित पदाधिकारीहरूका लागि | ४६१५००० | ११५३७५० | ३४६१२५० |
| २.२ | समिति, उपसमितिहरूका लागि | ३७५००० | ९३७५० | २८१२५० |
| २.३ | कर्मचारीहरूका लागि | ४०३५००० | १००८७५० | ३०२६२५० |
| २.४ | सेवाग्राही लक्षित क्षमता विकास | ६५०००० | १६२५०० | ४८७५०० |
| २.५ | साझेदारहरुको क्षमता विकास | २११०००० | ५२७५०० | १५८२५०० |
| | **जम्मा** | ११७८५००० | **२९४६२५०** | **८८३८७५०** |
| | **प्रतिशत** | **१०० प्रतिशत** | **२५ प्रतिशत** | **७५ प्रतिशत** |
| | **कूल जम्मा रु.** | **१४२५००००** | **५०६१२५०** | **९१८८७५०** |
| | **कूल प्रतिशत** | १००% | **३५.५२ %** | ६४.४८% |

## ४.५.स्रोत व्यक्ति र सोकारबाला पक्षहरू

**तालिका ६ क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारबाला पक्षहरू (अनुसूचि ६ सँग सम्बन्धित)**

| स्रोत व्यक्ति वा सरोकारबाला पक्षको नाम | क्षमता विकास सहकार्य वा सहयोगका क्षेत्र | सम्भावित भूमिका |
|---|---|---|
| संघिय सरकार | आीर्थक स्रोत | योजनामा आधारित विशेष तथा शसर्त अनुदान |
| प्रदेश सरकार | आर्थिक स्रोत र दातृनिकाय सँग समन्वय | योजनामा आधारित अतिरिक्त स्रोत, दातृ संस्थासँग सम्पर्क र समन्वय, |
| PLGSP (प्रदेश सुशासन केन्द्र) | आर्थिक र प्राविधक सहयोग | आर्थिक स्रोत, प्राविधिक सहयोग र विशेषज्ञ सेवाको उपलब्धी र सेवाग्राही लक्षित तथा सेवा बजारमा आधारित तालिम संचालन ।<br>निर्वाचित पदाधिकारीहरु, समिति तथा उपसमितिहरु, कर्मचारी र साझेदारहरु लक्षित विभिन्न क्षमता विकास तालिम, गोष्ठि तथा अनुशिक्षणहरु सहजिकरण |
| प्रदेश योजना आयोग, लुम्बिनी प्रदेश | नीतिगत व्यवस्था विभिन्न पक्षसँग समन्वय | प्रदेशमा बजेट व्यवस्थापन, दातृ निकायसँग समन्वय र सहयोगको वातावरण तयारी |
| स्थानीय स्तरमा कार्यरत गै. स.स.हरु | अर्थिक र प्राविधक सहयोग | विषय मिल्दो स्थानमा अर्थिक र प्रविधिक सहयोग |
| काठमाडौं, पोखरा, नेपालगंज, दाङ लगायतका अन्य स्थानमा रहेका कन्सल्टेन्सीहरु | | सेवा सम्झौता भएमा निर्वाचित पदाधिकारीहरु, समिति तथा उपसमितिहरु, कर्मचारी र साझेदारहरु लक्षित विभिन्न क्षमता विकास तालिम, गोष्ठि तथा अनुशिक्षणहरु सहजिकरण तथा कार्यविधिहरु तयारी |
| अन्य दातृ निकाय | उपकरण र आर्थिक सहयोग | दाताको भूमिका रहने छ । |

***नोटः योजना कार्यान्वयन गर्ने बेलामा स्रोत व्यक्ति वा संस्थाहरु पहिचान गर्न थप प्रयास गर्नुपर्ने हुन्छ ।***

# परिच्छेद ५ क्षमता विकास योजना कार्यान्वयन रणनीति र कार्य योजना

## ५.१ पृष्ठभूमि

नेपालका सबै स्थानीय तहहरु नागरिकका घरदैलोका सरकार हुन् । यिनलाई नेपालको संविधान ले प्रशस्त विधायिकी, न्यायिक र कार्यकारी अधिकार प्रदान गरेको छ । नागरिकको जीवनस्तर सुधारका लागि यी अधिकारहरु उपयोग गर्न सबै स्थानीय तहहरु संस्थागत रुपमा सवल, संरचनागत रुपमा व्यापक र मानव संशाधनका रुपमा पर्याप्त र ज्ञान, सीप र क्षमता युक्त हुनु जरुरी छ।

अर्को अर्थमा भन्ने हो भने, स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन् भन्ने कुरा स्थानीय सरकारको भौतिक सुसम्पन्नता, विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र मानव संशाधनको ज्ञान, सीप र क्षमतामा भर पर्दछ । तसर्थ, यो क्षमता विकास योजना कार्यान्वयन गर्न केहि निश्चित रणनीति कार्यविधि अवलम्बन गरिनेछ जो तल दिईएको छ।

## ५.२ उद्देश्य

सिस्ने गाउँपालिकाको २०८० मा तयार भएको यो क्षमता विकास योजना पछिका वर्षहरुमा तयार हुने तथा भएका क्षमता विकास योजनाहरुको सफल र नतिजामूलक कार्यान्वयन भै योजनाले लिएको लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न मद्दत पुऱ्याउन सहयोग पुग्नेछ।

## ५.३ कार्य क्षेत्र

पालिकाको क्षमता विकासको कार्यक्षेत्र व्यापक छ । खासगरी योजनामा निर्दिष्ट भएका क्षमता विकासका कार्यहरु सम्पादन गर्न तल दुई भागमा प्रस्तुत गरिएका योजनाहरुलाई कार्यान्वयन गरिने छ।

**क. संस्थागत क्षमता विकास**

१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित
२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित
३. मानव संशाधन प्राप्तिसँग सम्बन्धित

**ख. मानव संशाधन विकास मा तालिम, गोष्ठि, सेमिनार, अवलोकन भ्रमण, अन्तरकृया आदि**

१. निर्वाचित पदाधिकारीहरूका लागि
२. विभिन्न समिति, उपसमिति टोल विकास समितीहरूका लागि
३. वडाहरु सरोकारबालाहरु समेत पालिकाका कर्मचारीहरूका लागि
४. सेवाग्राही लक्षित क्षमता विकास
५. साझेदारहरुको क्षमता विकास

यी माथिका दुवै क्षेत्रका कार्य सम्पादन गर्न तल उल्लेखित चार चरणका कार्यहरु सम्पन्न गरिने छः

**चरण १ः योजना स्वीकृती र बजेट सुनिश्चितता**

क. क्षमता विकास योजना कार्यपालिका मार्फत् गाउँसभाबाट पारित गराउने,
ख. योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने,
ग. बाहिरी सहयोगको खोजि र स्रोत पहिचान सुनिश्चित गर्ने ।

**चरण २ः सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचान, लागत र कार्य सम्झौता**

क. क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरूबीच समन्वय गर्ने,
ख. मानव संशाधनको ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान गर्ने,
ग. संस्थागत तथा मानव संशाधन विकासलाई निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी,
घ. संस्थागत क्षमता विकास तथा मानव संशाधन विकासको स्रोत व्यक्ति वा संस्थासँग कार्य सम्झौता ।

**चरण ३ः क्षमता विकास योजना कार्यान्वयन चरण**

क. थप मनव संशाधन व्यवस्थापनको लागि नीति नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरागर्ने,
ख. संस्थागत संरचना भित्रको तथा समुदायस्तरको मानव संशाधनको क्षमता विकासको हकमा अवश्यक स्थान तथा सामाग्री व्यवस्थापन,
ग. तालिम, गोष्ठि, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा सहजिकरण,
घ. संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने ।

**चरण ४ः अनुगमन, अध्ययन तथा अध्यावधिक**

क. क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समिक्षा गर्ने,
ख. क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,
ग. क्षमता विकासबाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएको सुधारबारे अध्ययन गराउने ।

## ५.४ योजना कार्यान्वयनको रणनीतिः

**रणनीति १ः** **पालिकाबाट योजनाको स्वामित्व ग्रहणः** यो योजना पालिकासँगको सहभागितामा तयार भएको हुँदा यसको स्वामित्व यस पालिकाले ग्रहण गर्दछ ।

**रणनीति २ः** **क्षमता विकास योजना कार्यान्वयनका लागि कार्यविधि तयारीः** यो योजना कार्यान्वयनका लागि आवश्यक परे छुट्टै कार्यविधि बनाईने छ ।

**रणनीति ३ः** **बजेट सुनिश्चित गर्नेः** यो योजना कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्न पालिकाको वार्षिक चालु खर्चको कम्तिमा पनि १.५ प्रतिशत बजेट पालिकाले विनियोजन गर्ने छ ।

**रणनीति ४** **नयाँ निर्वाचत पदाधिकारीलाई अनिवार्य अनुशिक्षणः** नयाँ निर्वाचन पछि आएको सबै निर्वाचित प्रतिनिधिहरुलाई पालिकाका एकल तथा साझा अधिकारहरु, तिनिहरुको प्रयोग, संघीय

कानूनले प्रदान गरेका कार्यहरु र ऐन नियम र प्रतिनिधहरुका कार्य जिम्मेवारीबारे निर्वाचन लगतै सेवा प्रवेश अनुशिक्षण प्रदान गरिने छ ।

**रणनीति ५:** **सम्पर्क व्यक्तिको व्यवस्था:** क्षमता विकास योजना समन्वय समितिको व्यवस्था गरिएको छ र योजनामा अतिरिक्त व्यक्तिहरुलाई पनि जिम्मेवारी दिईएको छ । तथापी योजनाको संवेदनशिलतालाई ध्यानमा राखी यसका समग्र प्रशासनिक जटिलताहरुको व्यवस्थापन, कार्य योजना अनुसारका कार्यहरु चलायमान बनाउन र भएका कार्यहरुको दस्तावेज सहितको व्यवस्था तथा योजना कार्यान्वयनको अनुगमन, मूल्याँकलन तथा प्रतिवेदनको व्यवस्थापनका लागि बरिष्ठ कर्मचारीमध्ये कसै एकलाई सम्पर्क व्यक्तिका रुपमा कार्य तोकिने छ ।

**रणनीति ६:** **पहिलो सुरुवात संस्थागत संरचनामा सुधार:** संस्थागत क्षमता भनेका संस्थाको भौतिक स्रोत साधन, ऐन, नियम, विधि तथा प्रणाली, आवश्यक मात्रामा मानव संशाधन व्यवस्था र मानव संशाधनको क्षमता विकास पर्न जानेहुँदा यो क्षमता विकास योजना तयार गर्दा माथि भनिएझै सर्वप्रथम संस्थागत संरचनाको सुधार गर्न प्राथमिकता दिईने छ ।

**रणनीति ७:** **दोस्रो आयाम मानव संससाधनको विकास:** संस्थागत संचरना जतिसुकै चुस्त भएपनि यदि त्यसको उपयोग गर्ने क्षमता संस्थागत संरचना भित्र भएन भने विकास व्यवस्थापन, सेवा प्रवाह र सुशासनमा असर पर्दछ । तसर्थ, क्षमता विकासको दोस्रो प्राथमिकता स्वरुप मानव संशाधनको विकासलाई अगाडी बढाईने छ । अर्थात, संस्थागत स्रोत विकास र मानव संशाधन विकाससँग सँगै लगिने छ ।

**रणनीति ८** **तेस्रो आयाम सेवा बजारहरुको व्यापकिकरण अथवा क्षमता उपयोको दायरा विस्तार:** संस्थागत क्षमता विकासलाई व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने उपाय भनिन्छ । तसर्थ, पालिकाले आफ्ना सेवाहरु पालिका भित्रका मानव स्रोत सँग मात्र भर पर्दा सेवा प्रवाहको दायरा सीमित भै जनताका आवश्यक न्युनतम सेवाहरुमा शंकुचन आउँछ ।

यो क्षमता विकास योजना कार्यान्वयन गर्दा पालिका भित्रका नेतृत्व तह तथा कर्मचारी मात्र नभै जनतालाई आवश्यक परेका हरेक सेवाहरुका लागि स्थानीय सरोकारबालाहरु वा निजि क्षेत्र तथा समुदायलाई समेत समेटिने छ । त्यसैले, **समुदाय स्तरका सेवा समुदायस्तरबाटै भन्ने मूल्य र मान्यतालाई अगालिने छ ।** कतिपय समुदाय स्तरमा घर दैलोमा नै सेवा प्रवाह जरुरी पर्दछ, जस्तैः खानेपानीको मर्मत संभार कार्यकर्ता, पशु सेवा कार्यकर्ता, कृषि सेवा कार्यकर्ता, कृषि तथा पशु बिमा सहजकर्ता आदि । यस्ता सेवाहरु केवल गाउँपालिकामा रहेका सीमित जनशक्ति माथि भर पर्नु पर्दा सेवामा चुस्तता नआउने जोखिम रहन्छ । त्यसैले, यो क्षमता विकास योजना कार्यान्वयन गर्दा समुदायस्तरका सेवा समुदायबाटै भन्ने मान्यतालाई कार्यान्वयनमा ल्याईने छ । त्यसैगरी, टोल विकास समितिहरु गाउँपालिकाका बलिया साझेदार पक्ष हुन् र तिनीहरुको क्षमतायुक्त परिचालन पनि पालिकाको कार्य क्षमता विकासको अर्को पक्ष हो ।

## ५.५ कार्यान्वयनका मूल्य मान्यता तथा सिद्धान्तहरु

**सिद्धान्त १** **विभेद शुन्य:** संस्था भित्र वा संस्था बाहिरका सरोकारबालाहरु र समुदाय स्तरका सेवा समुदायस्तरबाटै भन्ने मान्यता अनुसार मानव संशाधनको क्षमता विकास गर्दा नेतृत्व, सानु वा ठूलो कर्मचारी वा समुदाय सदस्यमा कुनै भेदभाव गरिने छैन ।

**सिद्धान्त २** **पारदर्शिता:** यो योजना कार्यान्वयन पूर्ण पारदर्शि ढंगबाट हुने छ र हाम्रा गराई, प्रकृया र खर्चहरु पालिकाको सार्वजनिक सुनुवाई तथा चासो राख्नेलाई सूचना दिएर पूर्ण पारदर्शि बनाईने छ ।

**सिद्धान्त ३** **समन्वय र सहकार्य:** यो योजना कार्यान्वयन गर्दा पालिका एक्लै अगाडी नबढि विभिन्न सरोकारवालाहरु, सेवा प्रदायक तथा स्रोत दाताहरुसँगको सहकार्यमा कार्यान्वयन गरिने छ ।

**सिद्धान्त ४** **योगदानमा आधारित कार्यक्रम:** यो क्षमता विकास योजनालाई केवल डोनर निर्भर नबनाई पालिकाको योगदानलाई पनि सँग-सँगै लगिने छ ।

## ५.६ कार्यान्वयन तालीका

यो क्षमता विकास योजनाको कार्यान्वयन एकल प्रयासबाट संभव हुँदैन् । यसमा सबै सरोकारवाला, विषयगत कार्यालयहरु, पालिका भित्रका विषयगत विभाग तथा शाखाहरु समेत सबै निर्वाचित जनप्रतिनिधि र राजनीतिक दलहरुको जिम्मेवारी हुन्छ । यो क्षमता विकास योजनाका मूल कार्यहरुका लागि निम्न अनुसार जिम्मेवारी बहनको अपेक्षा गरिएको तल देखाइएको छ ।

## आगामी आ.व. २०८०/२०८१ को कार्ययोजना

### तालिका ७ पहिलो वर्षको कार्य योजना

| कार्यान्वयन चरण | योजना कार्यान्वयन गतिविधि | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | मूल जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **चरण १: योजना स्वीकृती र बजेट सुनिश्चितता** | | | | | | |
| १.१ | क्षमता विकास योजना कार्यपालिका मार्फत् गाउँ सभाबाट पारित गराउने । | यसै आ.व.मा पारित गराउँनु पर्ने | | | | संस्थागत सुशासन समिती, प्रशासन प्रमुख र प्र.प्र अधिकृत |
| १.२ | योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने । | गाउँ परिषद् २०८० असार भित्र परित भएको हुँनु पर्ने | | | | संस्थागत सुशासन समिती, प्रशासन प्रमुख र प्र.प्र अधिकृत |
| १.३ | बाहिरी सहयोगको खोजि र स्रोत पहिचान सुनिश्चित गर्ने । | | | | | संस्थागत सुशासन समिती, प्रशासन प्रमुख र प्र.प्र अधिकृत |
| **चरण २: सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचान, लागत र कार्य सम्झौता** | | | | | | |
| २.१ | क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरूबीच समन्वय गर्ने । | | | | | संस्थागत सुशासन समिती, प्रशासन प्रमुख र प्र.प्र अधिकृत |
| २.२ | मानव संशाधनको ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान । | | | | | संस्थागत सुशासन समिती, प्रशासन प्रमुख र प्र.प्र अधिकृत |
| २.३ | संस्थागत तथा मानव संशाधन विकासलाई निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी । | | | | | संस्थागत सुशासन समिती |
| २.४ | संस्थागत क्षमता विकास तथा मानव संशाधन विकासको स्रोत व्यक्ति वा संस्थासँग कार्य सम्झौता । | | | | | संस्थागत सुशासन समिती |
| **चरण ३: क्षमता विकास योजना कार्यान्वयन चरण** | | | | | | |
| ३.१ | थप मानव संशाधन व्यवस्थाको लागि नीति नियम र दरबन्दि मातहतमा रहेर भर्ना प्रकृया पुरा गर्ने । | | | | | प्रमुख प्रशासकीय अधिकृत |
| ३.२ | संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव | | | | | प्रमुख प्रशासकीय अधिकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संशाधनको क्षमता विकासको हकमा आवश्यक स्थान तथा सामाग्री व्यवस्थापन । | | | | | र प्रशासन प्रमुख । |
| ३.३ | तालिम, गोष्ठि, सेमिनार वा अन्य सीप विकास तालिम संचालनमा सहजिकरण । | | | | | प्रशासन प्रमुख । |
| ३.४ | संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने । | | | | | प्रशासन प्रमुख । |
| **चरण ४: अनुगमन, अध्ययन तथा अध्यावधिक** | | | | | | |
| ४.१ | क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समिक्षा गर्ने । | | | | | संस्थागत सुशासन समिती |
| ४.२ | क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने । | | | | | संस्थागत सुशासन समिती |
| ४.३ | क्षमता विकासबाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएको सुधारबारे अध्ययन गराउँने । | | | | | संस्थागत सुशासन समिती |

# परिच्छेद ६: कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याँकन

## ६.१ कार्यक्रम व्यवस्थापन

यस गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वयनका मूल जिम्मेवारी निम्नलिखित कार्यक्षेत्र सहित क्षमता विकास समन्वय समिति (जस्को जिम्मेवारी साविककै सुशासन समितिलाई दिईएको छ) ले गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वयमा व्यवस्था गर्नेछ ।

**क्षमता विकास समन्वय समितिको जिम्मेवारीको कार्यक्षेत्र:**

- क्षमता विकाससम्बन्धी नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने,
- क्षमता विकास योजनालाई वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,
- क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने,
- समितिले सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने
- क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरूबीच समन्वय गर्ने,
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने,
- क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

## ६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याँकन

गाउँपालिका स्थानीय तह संचालन ऐन, २०७४ को परिधीभित्र रही कार्य गर्ने संस्था भएका हुँदा सोहि ऐनको प्राबधान बमोजिम यस गाउँपालिकाबाट आयोजना कार्यान्वयनको अनुगमन तथा मूल्याँकन गरिनेछ । यो क्षमता विकास योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य तथा आयोजनाबाट हुनु पर्ने विकास प्रयास र सेवा प्रवाहमा भएको परिवर्तन तथा अपक्षित नतिजा प्राप्त भए नभएकोबारे निम्न अनुसार अनुगमन तथा मूल्याँकन गरिनेछ ।

